# धर्मकीर्ति

DHARMAKIRTI
धर्मकीर्ति
The Dharmakirti




वर्षः ४४, अङ्कः ४
बु.सं. २५७०, गुरु पुन्हिः

# मिति २०८३ आषाढ २७ गते, शनिबार
# धर्मकीर्ति विहार धम्महलमा रमला, निर्मला वज्राचार्य प्रमुख सपरिवारबाट आयोजित
# अभिधर्म पाठ कार्यक्रममा पाठ गर्नुहुँदै श्रद्धेय प्रव्रजित गुरुमांहरू



धम्मसङ्गणी पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं डा. धम्मवती, जवनवती, चन्द्रशीला, अमता



विभङ्ग पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं मेत्तावती, सुवण्णवती



धातुकथा पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं दानवती, त्यागवती



पुग्गलपञ्ञति पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं पञ्ञावती, नन्दावती



कथावत्थु पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं नन्दावती, ईन्दावती



यमक पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं वीर्यवती, शुभवती



पट्ठान पाठ यानाबिज्यास्य श्रद्धेय प्रव्रजित गुरुमांपिं केशावती, खेमावती



पुण्यानुमोदन यानाबिज्यास्य दातापरिवार

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५७०

नेपाल सम्बत् ११४६

इस्वी सम्बत् २०२६

बिक्रम सम्बत् २०८३

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**29th JULY 2026**

| वर्ष- ४४ | अङ्क- ४ | गुरु पुन्हि | श्रावण २०८३ |
|---|---|---|---|



★ **फेणु'पमं कायमिमं विदित्वा**
**मरीचि धम्मं अभिसम्बुधानो**
**छेत्वान मारस्स पपुप्फकानि**
**अदस्सनं मच्चु राजस्स गच्छे**

★ **पीजा समानगु अथवा मृगजल समानगु थ्व शरीर धका: ज्ञानं खंकाच्वंम्ह व्यक्ति, मारया बन्धन तोथुला: मृत्युराजं खंके मफईगु थासय् वनी ।**

★ **शरीरलाई पानीको फोका वा मृगतृष्णा समान सम्झेर पण्डितहरू मारको बन्धनबाट मुक्त भई मारले देख्न नसकिने ठाउँमा पुग्छन् ।**

★ Knowing his body to be as impermanent as foam and as illusory as a mirage, the disciple on the right path will shatter the flowery arrow of mara and will rise beyond the reach of the king of death.

# भिन्तुना !



## श्रद्धेय डा. धम्मवती गुरुमां

'शासन धज धम्माचरिय' 'अग्ग महा गन्थवाचक पण्डित'

'महा सद्धम्म जोतिक धज'

**श्रद्धेय डा. धम्मवती गुरुमांया ९३ दँ जन्मदिनया**

उपलक्ष्ये वसपोलया भिं उसाँय व बुद्ध शासनय् निरन्तर योगदान न्ह्यानाच्वनेमा धयागु आशिका यासे भिंतुनाच्वना ।

भवतु सब्ब मंगलम् ।

## ज्ञान शोभा वज्राचार्य सपरिवार

विशाल नगर

## विषय-सूचि



| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | आवरण चित्र परिचय- 'धम्मचक्कप्पवत्तन' | – | ३ |
| ३) | सम्पादकीय- 'धर्मचक्र प्रवर्तन' | – | ४ |
| ४) | व्यवहारिक जीवनमा प्रज्ञाको उपादेयता | – | ५ |
| ५) | राजा शुद्धोदनको अन्तर्द्वन्दः मोह श्रद्धाको संगम | – | ७ |
| ६) | बौद्ध तिर्थयात्राको अविस्मरणीय अनुभव | – | ८ |
| ७) | श्रमण नारद-३ | – | १० |
| ८) | जनरल अलेक्जेण्डर कनिंघम | – | ११ |
| ९) | द्यः सुयात भाः पीगु ? | – | १४ |
| १०) | अनुभूतिया मू सुख | – | १८ |
| ११) | त्रिरत्न शरण | – | २० |
| १२) | धर्मकीर्ति समाचार | – | १६ |



*आवरण चित्र परिचय*

# धम्मचक्कप्पवत्तन

✍ **आचार्य सत्यनारायण गोयन्का**
भावानुवाद - **वीर्यवती**

पाँचजना साथी भिक्षुहरूले (पञ्चभद्रवर्गीय भिक्षुहरू) भगवान् बुद्ध उनीहरूतर्फ आइरहनु भएको (सारनाथको मृगदावन) मा देख्ने बित्तिकै एक आपसमा यसरी सल्लाह गरे ।

"हामीले अब यसलाई स्वागत नगरौं । अभिवादन पनि नगरौं । किनभने यस व्यक्ति तपभ्रष्ट भइसकेको छ । त्यसैले बस्नको लागि आशन एउटा मात्र ओछ्याइदिने यसलाई ।"

तब जब भगवान् बुद्ध उनीहरू समिप आइपुग्नुभयो, तब पहिला भन्दा अधिक प्रभावशाली उहाँको व्यक्तित्व र मुखमण्डलको अपूर्व तेजश्वीता देखेर ती पाँचैजना भिक्षुहरूले आफ्नो पहिलाको सल्लाह विर्सन पुगे । फलस्वरूप उनीहरू पाँचैजना भिक्षुहरूले भगवान् बुद्धलाई अभिवादन गर्दै उहाँको सेवा र चाकरी गर्नतर्फ जुट्न थाले ।

केही समय पछि उनीहरू पाँचजना भिक्षुहरूको मनमा विश्वास जाग्न थाल्यो कि "सिद्धार्थ कुमारले सम्यक सम्बोधि ज्ञान प्राप्त गरी बुद्ध हुनु भइसकेको छ ।" तब उनीहरूले अनुरोध गरे अनुसार भगवान् बुद्धले उनीहरूलाई धर्मदेशना गर्नुभयो । यो दिन असार पूर्णिमाको रमणिय वातावरणले भरिएको साँझपखको समय थियो । भगवान् बुद्धको यो प्रथम पटकको उपदेश थियो । धर्म प्रकाशको आरम्भ थियो । त्यसैले धर्मचक्र प्रवर्त्तन भनियो यसलाई । यसपछि मात्र धर्मको चक्र चलायमान हुनपुग्यो ।

यस प्रथम उपदेशमा भगवान् बुद्धले आजका गृहत्यागीहरूले यी दुई अतिमार्गहरूलाई अपनाइरहेको जानकारी दिनुभयो, जुन धर्म विरुद्ध छन् ।

एक यस्तो मार्ग हो, जुन मार्गलाई अपनाएको कारणले गृहत्यागी व्यक्ति पनि काम भोगको काम सुखमा तल्लिन रहने कार्यलाई नै श्रेयस्कर सम्झन्छन् ।

त्यस समयका चार जना आचार्यहरू महा नास्तिक थिए । उनीहरूको मत अनुसार न सत्कर्म पुण्य हो, न त्यसको कुनै फल नै हुन्छ । न दुस्कर्म पाप हो, न यसको कुनै दुष्फल नै हुन्छ । यी आचार्यहरूले व्यभिचार कर्मलाई नराम्रो अर्थात् खराब कार्य मान्दैनथे । उनीहरूले यस कार्यलाई झन प्रोत्साहन दिने गर्थे । फलस्वरूप यस कार्यले उनीहरूको शिष्य संख्या बढ्न थाले । समाजमा उन्मुक्त कामभोगको समर्थकहरू अनेक थिए । यो यस्तो अतिमार्ग हो, जुन हीन र असभ्य अबुझ गाउँले मानिसहरूका लागि तथा अधर्मपथतर्फ जाने पठिकहरूले मात्र अपनाउने गर्थे । यो अनार्यहरूको मार्ग हो, जो सर्वथा अनर्थकारी हुन्छ ।

*( क्रमशः पेज १८ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# धर्मचक्र प्रवर्तन

बैशाख पूर्णिमाको दिन बोधिज्ञान प्राप्त गर्नुभई भगवान् बुद्धले दुई महिनापछि असार पूर्णिमाको दिन बनारसको सारनाथ स्थित मृगदावनमा प्रथम पटक धर्मको कुरा (ज्ञानको कुरा) पञ्चभद्र वर्गिय भिक्षुहरूलाई बताउनु भएको थियो । त्यसैले यसलाई धर्मचक्र प्रवर्तन अर्थात् धर्मको चक्र चलाउनु भई धर्मलाई चलायमान गर्नुभएको दिन भनिन्छ ।

धर्मचक्रको अर्थ धर्मलाई (ज्ञानलाई) आफ्नो आचरणमा ढाली यसलाई निरन्तरता दिनु र मध्यम मार्गको अनुशरण गर्नु हो । मध्यम मार्ग भनेको नै समाजमा चलिरहेको अति विलासीमय भौतिक जीवन र अति कष्टपूर्ण (शारीरिक कष्ट) जीवनबाट अलग्ग रहेको मध्यम स्तरको जीवन अर्थात् सरल र साधारण जीवन हो । भगवान् बुद्ध आफू स्वयम्ले यस मध्यम जीवनको अनुभव गर्नुभई यस प्रकारको सजिलो जीवन जीउने तरीका जनमानसमा प्रचार गर्नुभयो ।

बुद्धकालीन घटनाहरू मध्ये कतिपय घटनाहरू आषाढ पूर्णिमाको दिन घटेका छन् । ती मध्ये एक महत्वपूर्ण घटना भगवान् बुद्धले धर्मचक्र प्रवर्तन गर्नुभएको पनि हो । भगवान् बुद्धले पञ्चभद्रवर्गिय भिक्षुहरूले ठीक तरिकाले ज्ञान बुझ्न सकुन् भन्ने मनसायले भन्नुभयो– "भिक्षुहरू हो ! मैले यस संसारमा दुःख छ, दुखःको कारण छ, यस दुःखबाट मुक्ति प्राप्त गर्न सकिन्छ र दुःखबाट मुक्ति प्राप्त गर्नको लागि ८ वटा आर्य मार्गहरू अपनाउनु पर्छ भन्ने ज्ञान बोध गरें । अब मेरो मनमा ज्ञानको आँखा खुल्यो । जताततै धर्मको प्रकाश देखें । यस ज्ञान बुझ्नको लागि ठीक तरिकाले बुझ्ने क्षमता (सम्यक दृष्टि) चाहिन्छ । मिथ्या दृष्टि (गलत तरिकाले बुझ्ने बानी) त्याग्नु पर्छ । आफ्नो चित्त (मन) शुद्ध हुनुपर्छ ।

भिक्षुहरू ! तिमीहरूले दुईवटा अति मार्गलाई त्याग्नु ।

१) सुविधामुखी बनी विलासी एवं भौतिक सुख भोग्ने लालची बानीलाई त्याग्नु पर्छ ।

२) भौतिक सुखको आशक्तिपना त्याग्ने भन्दै आफ्नो शरीरलाई अनावश्यक दुःख दिने बानीलाई त्याग्नुपर्छ ।

यी दुई अतिमार्गलाई त्यागी बीचको मध्यम मार्गलाई अपनाउनु पर्छ ।

भिक्षुहरू ! सुन ! जन्मनु, बूढो हुनु, बिरामी हुनु, मृत्यु हुनु, मनपर्ने व्यक्तिसंग विछोड भएर अलग्गिन बाध्य हुनुपर्ने, मन नपर्ने व्यक्तिसंग जीवन बिताउन बाध्य हुनुपर्ने, आफूले इच्छा गरेको पूरा गर्न नसकिने र यस पञ्चस्कन्ध शरीर धारण गर्नुपर्ने अवस्था रहुञ्जेल आठ प्रकारका दुःखहरू हाम्रो जीवनमा आइनै रहन्छ ।

यी आठ प्रकारका दुःख आइपर्नुका कारण छ । यी दुःखहरूलाई हटाउन सकिन्छ । दुःखबाट मुक्ति प्राप्त गर्नका लागि आर्य अष्टांगिक मार्ग वा मध्यम मार्गलाई अपनाउनु नितान्त आवश्यक छ ।

भगवान् बुद्धको तर्फबाट ज्ञानका यी महत्वपूर्ण कुराहरू सुनी भिक्षु कौण्डञ्य बोध (श्रोतापन्न) हुनुभयो । असार पूर्णिमाकै दिन ।

केहीदिन पछि पाँचैजना (पञ्चभद्र वर्गिय भिक्षुहरू) अरहन्त हुनुभए । त्यसपछि अन्य ५५ जना युवा वर्गहरू पनि बुद्ध समक्ष भिक्षु बने । यसरी भिक्षु संघको गठन भयो ।

वर्षावास ३ महिना सम्म भिक्षुहरूलाई तालिम दिएर बढी भन्दा बढी मानिसहरूलाई ज्ञान प्रचार गर्न निर्देशन दिनुहुँदै भगवान् बुद्धले भन्नुभयो– "मैले धर्मचक्र प्रवर्तन गर्नुको तात्पर्य नै सही धर्मलाई गतिशील बनाउनको लागि हो ।"

# व्यवहारिक जीवनमा प्रज्ञाको उपादेयता



✍ **नानीकेशरी बज्राचार्य**

भगवान् बुद्धले ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गर्नु भएपछि बहुजनहित र बहुजन सुखको निम्ति ४५ वर्षसम्म गाउँ-गाउँ, नगर-नगर चारिका गर्नुभई दिनुभएको ज्ञानलाई शील, समाधी प्रज्ञामा विभाजन गरिएका हुन् । शील, समाधि, प्रज्ञा भनेकै चतुआर्य सत्यको चौथो सत्यको रूपमा रहेको आर्य अष्टांगिक मार्ग हुन् जसलाई दुःख निरोध गामिनि प्रतिपदा आर्यसत्य भनिन्छ ।

भगवान् बुद्धले शील, समाधि र प्रज्ञामा शील पहिलो कुसल कर्मको रूपमा मानिसहरूले पालना गर्नुपर्ने विषयको रूपमा उपदेश दिनु भएको छ । यसलाई कुसल कर्मको आधारको रूपमा पनि लिइन्छ । शील भनेको नैतिक आचरण सदाचार हो, जसले मानिसहरूलाई शरीर र वचनले अरूलाई नराम्रो गर्नुबाट रोक्छ । पञ्चशीलका पाँचवटा शीलहरूलाई मानिसहरूले न्यूनतम रूपमा पालना गर्नुपर्ने शिक्षाको रूपमा लिइन्छ र शीलपालना विना आफ्नो जीवन हित र शान्ति सम्भव हुँदैन । कुनै पनि व्यक्तिमा नैतिक आचारणले मात्र असल गुणहरूको विकास हुन्छ । असल आचरण विकास गर्नु, निर्दोष, सरल, शुद्ध जीवनयापन गर्न चाहने विश्वका सबै मानिसहरूले शीलपालना गर्नु अति आवश्यक हुन्छ ।

शील पालन अभ्यास गरिसकेपछि समाधिको अभ्यास सहज हुन्छ । चित्त एकाग्र भइसकेपछि मात्र विशेष ज्ञान वा प्रज्ञा प्राप्त गर्ने क्षमता हुन्छ ।

दुखमय जीवनबाट पार पाउनको लागि बुद्धले देशना गर्नुभएको चौथो सत्यको रूपमा रहेको आर्यअष्टांगिक मार्ग नै शील, समाधि र प्रज्ञा हुन् । भगवान बुद्धले प्राप्त गर्नुभएको ज्ञान जगतसंसार सत्व प्राणीहरूको हित, कल्याण सुख हुने मानव समाजको विकासको लागि नभई नहुने उपदेश हो । यो मानिसहरूको सुख, शान्ति प्राप्त गर्नको लागि भगवान् बुद्धले देखाउनु भएको मार्ग हो । यस मार्गले ज्ञानको आँखा खोली प्रज्ञा उत्पन्न गराई दिन्छ ।

संसारको स्वभाव धर्मलाई बुझ्नु सम्यकदृष्टि हो । चतुआर्य सत्यको कुरा बुझ्नु सही निर्णय लिनको लागि सही दृष्टीकोणको आवश्यकता पर्दछ । यसैले सम्यक दृष्टीलाई प्रज्ञा अन्तर्गत राखिएको छ । चिन्तन मनन सही हुनुलाई सम्यक संकल्प भनिन्छ । मानिसहरूको चिन्तन सामान्यतया नराम्रो कुरामा अल्झिरहेको हुन्छ । नराम्रो चिन्तनलाई हटाउनु र राम्रो चिन्तनमा आफूलाई लगाउनु सम्यक संकल्प हो । पञ्चकाम सुखमा आशक्त रहने बानीबाट टाढा रहने चिन्तनलाई नै सम्यक संकल्प भनिन्छ । मनमा जहिले पनि भइरहने प्रतिकृयाको चिन्तनलाई हटाई प्रतिकृयाविहीन भएर बस्नु अव्यापाद संकल्प भनिन्छ भने आफूलाई दुःखदिने व्यक्ति प्रति उत्पन्न हुने बदला भावनाबाट टाढा रही सहिष्णुतापूर्वक जीवन जीउनु अविहिंसा संकल्प हो । यी तिनवटा सम्यक संकल्प भनिन्छ । यसलाई प्रज्ञा अर्न्तगत राखिएको छ ।

प्रज्ञा अर्न्तगत सम्यक दृष्टि र सम्यक संकल्प पर्दछन् । दुःख मुक्तिको लागि मानिसहरूले विकास गर्नुपर्ने दृष्टिकोण र मनमा उत्पन्न गर्नुपर्ने संकल्प सम्यकको विकास गर्नुपर्छ ।

पण्डितहरूको संगत गरेर काय वाक चित्त सबै कर्म गरेर सम्यक दृष्टी प्राप्त गर्न सकिन्छ । कुनै पनि कुरा सोचविचार नगरीकन परम्परागत धारणाको अभ्यास गरेको छ भने मिथ्यादृष्टि हुन्छ । जति सुकै पढेर पनि उचित ढंगले उपयोग गर्न नसक्नु, ज्ञानलाई व्यवहारमा उतार्न नसक्नुको कारण मिथ्यादृष्टि वा गलत दृष्टीकोण हो । पढ्नु, सुन्नु सजिलो छ, तर ज्ञानलाई व्यवहारमा उतार्न कठिन छ । घर व्यवहार चलाउनका लागि पनि सम्यक दृष्टी भएकोले कसैलाई भेदभाव नगरी मनको कुरा बुझी काम गरिएको हुन्छ वास्तविकता के हो भनेर भित्री मनबाट सोचेर यथाभूत स्वरुप कुरा थाहा पाएर गरेको कार्य मात्र सजिलै सिद्ध हुन्छ । सही र गलतको हेक्का भएन भने सारलाई असार र असारलाई सार ठानेर

मानिसहरूले जीवनलाई व्यर्थ गुमाइरहेको हुन्छ र सुख शान्ति टाढिँदै जान्छ । भगवान बुद्धले दीघनिकाय कालम सूत्रमा अन्धश्रद्धाले कुनै निर्णय नलिनको लागि सुझाव दिनु भएको छ । कुनै कुराको विश्वास गर्नको लागि विवेकको प्रयोग गर्नुपर्दछ । यस सूत्रमा गुरुले भन्यो भन्दैमा विश्वास नगर, ठूला मान्छेले भनेको कुरा भन्दैमा विश्वास नगर, राम्ररी जाँचेर बुझेर मात्र विश्वास गर भनिएको छ ।

सम्यकदृष्टीको विपरित मिथ्यादृष्टी हो । मिथ्यादृष्टी भन्नाले गलत रूपमा कुनै कुरामा विश्वास गर्नुलाई भनिन्छ नदीमा नुहाएर पाप बगेर जान्छ, जाडोको समयमा पानीमा डुबेर बस्दा मुक्ति मिल्छ भन्ने धारणाले गर्दा मनमा धेरै क्लेशहरू बाँकी हुने हुँदा सम्यकदृष्टी टाढिँदै जान्छ । मिथ्यादृष्टी भएको व्यक्तिमा ज्ञानको अभावले गर्दा कर्मको वास्तविक शक्तिलाई राम्रोसंग बुझ्न सक्दैन । कर्म भनेको बीउ समान हो । जस्तो बीउ त्यस्तै फल हुन्छ । असल कर्मको फल असल र खराब कर्मको फल खराब नै हुन्छ । यी कर्महरू नै उनीहरूको सम्पत्तिको रूपमा संधै रहन्छ । भगवान् बुद्धले भन्नुभएको छ – "सब्बे सत्ता कम्मस्सका कम्मदायादा, **कम्मायोनि, कम्म वन्धु, कम्म पतिसरण, यं कम्मं करिस्सन्ति कल्याणं वा पापकं वा तस्स दायादा भविस्सति**" सबै प्राणीहरू कर्ममा अधनि रहन्छन् । प्राणीहरूको वास्तविक सम्पत्ति भनकै कर्म हुन् । कर्म नै विभिन्न भवमा जन्मने कारण हुन्, कर्म नै वास्तविक नातेदार हुन्, वास्तवमा शरण भनेकै कर्म हो राम्रो वा नराम्रो कर्म नै उनीहरूको जायजेथा हुन्छन् ।

बुद्धको शिक्षामा प्रज्ञा भन्नाले विभिन्न प्रकारले बुझ्नु आफैले साक्षात्कार गरिएको ज्ञान उच्चकोटीको हुन्छ आफूले नै चिन्तन गरेर अन्धविश्वासहरूलाई हटाएर जाग्नुपर्ने ज्ञान प्रज्ञा हो । यो ज्ञान कसैले दिएर पाउने होइन । प्रत्येक कुराको विश्लेषण गरेर हेर्न सक्ने ज्ञान प्रज्ञा हो (प्र - प्रत्यक्ष), (ज्ञा - ज्ञान) प्रत्यक्ष रूपमा साक्षात्कार गरिएको ज्ञान प्रज्ञा हो ।

प्रज्ञावान् व्यक्ति भनेको सुनार जस्तै हो । जाँचेर सक्कली नक्कली हेरेर कुटेर वास्तविक पहिचान गरी त्यसको भरपूर प्रयोग गर्न सक्दछ । प्रज्ञावान्हरू ठाउँ हेरी काम गर्न सक्ने क्षमता र आफ्नो मनलाई वसमा राख्नसक्ने हुन्छन् ।

मानिसलाई मानिस बनाउने शिक्षा नै प्रज्ञा हो । ज्ञानले मानिसलाई विद्वान् र व्यवहारिक पनि बनाइदिन्छ । आफूलाई र अरूलाई उपकार हुने व्यवहारिक ज्ञानलाई पनि प्रज्ञा भन्न सकिन्छ ।


कुनै पनि कुरालाई सामान्य रूपमा थाहापाउनु र प्रज्ञापूर्वक थाहापाउनुमा आकास जमीनको फरक हुन्छ । विभिन्न ज्ञानका कुराहरू कसैले भनेर सामान्य रूपमा थाहा पाउनु भनेको बौद्धिक रूपमा थाहापाउनु मात्र हो । जीवन नै परिवर्तन हुने तवरले थाहा पाउन प्रज्ञाद्वारा नै थाहा पाउनु पर्दछ । भावनामय प्रज्ञाबाट प्राप्त भएको जानकारी नै जीवनमा उपयोगी हुन्छ ।

बुद्धको शिक्षामा प्रज्ञाको स्थान अति महत्वपूर्ण छ । मानिसहरूमा जबसम्म प्रज्ञा, विवेक, बुद्धी हुँदैन उनीहरूको जीवन सुखमय हुँदैन त्यसैले भगवान् बुद्धले प्रज्ञाको सम्वन्धमा महत्वपूर्ण कुराहरू भन्नुभएको छ ।

"**नत्थि पञ्ञा समा आभा**" अर्थात् प्रज्ञा समान ज्योति वा प्रकाश अरू केही छैन । जसरी अन्धकार हटाउनको लागि प्रकाश चाहिन्छ त्यसरी नै मानिसहरूको समग्र दुःख दर्द हटाउन प्रज्ञा चाहिन्छ । झिलिमिलि बत्ति बालेर बाहिरको उज्यालो पारे तापनि मनभित्र अन्धकार छ भने त्यस प्रकाशको प्रयोजन हुँदैन । वास्तविक रूपमा उज्यालो भनेको मनको उज्यालो हो त्यसको लागि भित्र नै बत्ति बाल्नु पर्दछ । त्यो भनेको प्रज्ञाको बत्ति हो । "**प्रज्ञा नरानं रतनं**" प्रज्ञा नै मानिसहरूको रत्न हो अर्थात् सबै प्रकारका रत्नहरू मध्ये प्रज्ञा नै सर्वोत्तम रत्न हो । यो रत्न अन्य रत्न झैं चोरले चोर्न सक्दैन, बरू जति मात्रामा अरूलाई दियो त्यति मात्रामा बढेर आउँछन् । प्रज्ञावान् व्यक्ति रत्न धारण गरेझैं शोभाले युक्त हुन्छ । अरूको आधार भरोसा हुन्छ कीर्तिमान् हुन्छ । परिवार सम्पत्तियुक्त हुन्छ । रूप लावण्य भएता पनि कसैसंग प्रज्ञा छैन भने त्यो सुगन्ध, वासना नभएको नक्कली फूलजस्तै हुन्छ । प्रज्ञाले नै अरू प्राणीहरूबाट मानिस भनी छुट्याउँदछ । प्रज्ञा विहीन भएर १०० वर्ष बाँच्नु भन्दा प्रज्ञापूर्वक एकदिन जीउनु नै उत्तम छ भनी धम्मपद गाथा १११ मा भगवान् बुद्धले भन्नुभएको छ । त्यस्तै संयुक्त निकायको १२ औं सुत्त आलवक सुत्तमा आलवक यक्षले भगवान् बुद्धलाई कस्तो जीवनलाई श्रेष्ठ जीवन भन्ने प्रश्नमा भगवान बुद्धले प्रज्ञायुक्त जीवन नै श्रेष्ठ भनेर जवाफ दिनुभएको उल्लेख छ । ■

सन्दर्भ सामाग्री -
नानीमैया मानन्धर मग्गंग दिपनी, काठमाडौं : बुद्धघोष महास्थविर तथा अन्य १९८५, पृ. १०

# राजा शुद्धोदनको अन्तर्द्वन्दः मोह श्रद्धाको संगम



✍ लेख रत्न शाक्य

कपिलवस्तुका राजकुमार सिद्धार्थले बोधिज्ञान प्राप्त गरेर धेरै वर्षपछि कपिलवस्तु फर्किदा पनि राज्यले बुद्धलाई सानो बच्चा नै ठानेर अत्यधिक मोह गर्थे किन ?

मानव हृदयमा आमा-बुबाको छोरा-छोरी प्रतिको प्रेम संसारकै सबैभन्दा गहिरो र दुर्लभ भावना हो । समय बदलिन्छ, बदलिरहन्छ नदीका जल जस्तै र आफ्नै गतिमा प्रकृतिको नियम पछ्याउँदै अघि बढ्छ, मानिस ठूलो हुन्छ, ज्ञान प्राप्त गर्छ, तर आमा-बुबाको आँखामा सन्तान संधै सानो बालक नै हुन्छन् । यही भावनाको अत्यन्त मार्मिक उदाहरण राजा शुद्धोदन र गौतम बुद्धको सम्बन्धमा देख्न सकिन्छ । राजकुमार सिद्धार्थले बोधिज्ञान प्राप्त गरी बुद्ध बनेर कपिलवस्तु फर्किंदा पनि राजा शुद्धोदनले उनलाई संसारको गुरु बुद्ध भन्दा बढी आफ्नै पुत्र सम्भ्केर आध्यात्मिक मोह देखाएको थियो ।

राजा शुद्धोदनले राजकुमार सिद्धार्थलाई जन्मदेखि नै अत्यन्तै माया गर्दथे । उनी केवल पुत्र मात्र थिएनन्, शाक्य वंशको भविष्य, राजगद्दीका उत्तराधिकारी र पिताको सपनाका केन्द्र थिए । जब ज्योतिषीहरूले सिद्धार्थ यात महान् चक्रवर्ती वा महान् सन्यासी बन्ने भविष्यवाणी गरे, तब राजा शुद्धोदन डराए । उनले आफ्नो पुत्रलाई संसार त्यागने बाटो रोक्न अनेक प्रयास गरे । राजमहलमा सुख, अनेक विलासिता र मनोरञ्जनका अत्यधिक वातावरण सिर्जना गरियो ताकि सिद्धार्थको मन संसारप्रति आकर्षित होउन् ।


जीवनको सत्यलाई रोक्न सकिंदैन । सिद्धार्थले कपिलवस्तु राज्यमा रहँदा नै बुढ्यौली, रोगी, मृत्यु र सन्यासीदेखि सकेको थियो । त्यो घटनाबाट सिद्धार्थले मानव जीवनका दुःख बुभ्न थालेको थियो । अन्ततः उनले राजमहल त्यागे । यो घटनाले राजा शुद्धोदनको लागि असह्य पीडा भयो । उनले राजकुमार गुमाएका थिएनन्, मात्र आफ्नो मुटुको टुक्रा नै गुमाएका जस्तो थिए ।

दरबार त्यागेको ६ वर्ष (कैयन् वर्षपछि) सिद्धार्थले बोधिवृक्षमुनि बोधि ज्ञान लाभ गरेर बुद्ध बने । उनको करुणा, शान्ति र ज्ञानको चर्चा चारैतिर फैलियो । यो चर्चा फैलिएर कपिलवस्तु राज्यसम्म पुग्यो । राजा शुद्धोदनले पनि सिद्धार्थले बोधिज्ञान लाभ गरी बुद्ध बनेको खवर सुने । राजा शुद्धोदनको हृदय श्रद्धाले भरियो । उनको मनमा अभ्कै पनि बाबुको माया बढी थियो । विश्वले बुद्धलाई महान् गुरु मानिसकेका थिए । यता भने राजा शुद्धोदनको मनमा भने बुद्ध भन्दा पनि आफ्नो छोरा (पुत्र) कै रूप हेरे ।

बुद्ध कपिलवस्तु पुगेको अर्को विहान बुद्ध आफ्ना भिक्षु समूहसंग भिक्षाटन गरिरहेको समाचार राजा शुद्धोदनले सुने । त्यसले राजा शुद्धोदन अत्यन्त पीडामा पुग्यो । मेरो छोरो राजकुमार घरघर डुली भिक्षाटन गर्दै हिंडिरहेका छन् । यो पीडा वास्तवमा मोहको पीडा थियो । उनी अभ्कै पनि सिद्धार्थलाई दरवारमा खेलिरहेको सानो बालक कै रूपमा सम्भिरहेका थिए ।

बुद्ध शान्त थिए । बुद्धले आफ्ना पिताश्री राजा शुद्धोदनलाई बुभ्काए कि उनी अब केवल राजकुमार होइनन्, सम्पूर्ण मानवताको मार्गदर्शक बनेका छन् । बुद्धको वाणी, करुणा र तेजले अन्ततः राजा शुद्धोदनको हृदय परिवर्तन भयो । विस्तारै राजाको पुत्र मोह श्रद्धामा बदलियो । उनले बुभ्न थाले कि साँचो प्रेम भनेको बाँधेर राख्नु होइन, सत्यलाई स्वीकार्नु हो वा स्वीकार गर्नु हो ।

यस घटनाले हामीलाई गहिरो शिक्षा दिन्छ । आध्यात्मिक मोहले मानिसलाई सत्य देख्न र बुभ्न कठिन बनाउँछ । तर जब प्रेम ज्ञानसंग जोडिन्छ, तव त्यो श्रद्धा र आत्मबोधमा रूपान्तर हुन्छ । राजा शुद्धोदनको जीवन केवल एक पिताको कथा होइन यो मोहबाट ज्ञानतर्फको आध्यात्मिक यात्राको कथा पनि हो । ■



# बौद्ध तिर्थयात्राको अविस्मरणीय अनुभव

✍ **विद्यालक्ष्मी शाक्य**
इमाटोल ललितपुर

आजभन्दा २५ वर्ष अगाडि अर्थात् २०५८ साल पुस महिनामा धर्मकीर्ति विहारबाट धम्मावती गुरुमांको नेतृत्वमा १२ दिने चारधाम बौद्धतिर्थ यात्रामा सहभागी हुन पाएको अनुभव आजसम्म पनि मेरो मन, मस्तिष्कमा ताजा छ ।

हुनत मेरो परिवारमा सबभन्दा पहिले मेरो आमा र माहिलो दाजुसंगै सुदर्शन भन्तेले आयोजना गर्नुभएको चारधाम बौद्धतिर्थयात्रामा सबै विहार, विहारका उपासक-उपासिकाहरू जानु भएको मौकामा जानु भएको थियो । त्यतिवेला म ५/६ क्लासमा पढ्थें होला । मेरो आमा भन्नु हुन्छ बुद्धका पवित्र चार ठाउँ बाहेक, ताजमहल, अजन्ता, एलोरा, बनारस, मथुरा, काशी जगन्नाथ आदि धेरै ठाउँमा एक महिनाको लामो यात्रामा कहिले रेलमा, कहिले बसमा बसेर गएको अनुभव सुनाउनु हुन्थ्यो साथै भारतको प्रधानमन्त्री इन्दिरा गान्धिले समेत स्वागत गर्न आएको तथा ठूलो होटलमा पार्टी दिएको रोचक अनुभवहरू सुनाउनु हुन्थ्यो । साथै मांले भन्नुहुन्थ्यो "मस्त छिपिं छक नं जीवनय् वनेमाःगु थाय्त खः" भनेर "बच्चाहरू तिमीहरू पनि मौका मिले एकपटक जानैपर्ने जीवनमा एकचोटी भन्नुहुन्थ्यो । यात्राबाट फर्कनु हुँदा बनारसमा किनेको भनेर म र मभन्दा माथिको दिदीलाई कालो छालाको फित्तावाला चप्पल ल्याइदिनु भएको थियो । साऱ्है राम्रो, हलुका र लगाउन सजिलो भएकोले साऱ्है मन परेको बलियो चप्पल थियो । त्यसपछि अर्को नागवहालबाट आयोजना गरेको तिर्थयात्रामा मेरो बुबा, ठूलो दिदी, ठूलो दाजु भाउज्यू जानुभएको थियो । सबैजनाको अनुभव सुन्दा म मर्न अगाडि जसरी भए पनि एकपटक बुद्धका पवित्र चारधाम जाने प्रबल इच्छा भयो । नभन्दै मेरो इच्छा २०५८ सालमा बल्ल पूरा भयो । कसरी जाने मौका पायो भन्दा एकदिन म धर्मकीर्ति विहारमा जाँदा गुरुमांहरूसंग "तिर्थयात्रा आजभोलि छैन ?" भनेर सोद्धा "यही पुस महिनामा छ नि अव धेरै दिन बाँकी छैन सीट प्याक भइसक्यो भने जस्तो लाग्छ एकपटक विद्यासागरजी संग भेटेर सोध्नु" भन्नुभयो । उहाँसंग भेटेर सोद्धा "२ वटा बसले नभ्याएर एउटा हायस पनि भरिसक्यो प्याक भइसक्यो" भनेर भन्यो । मैले कोही नआउने क्यान्सिल भएमा मेरो नाम लेख्नु भनी मोबाइल नम्बर दिएर आएँ । नभन्दै तिर्थयात्रा जाने ३ दिन अगाडि फोन आयो र भन्यो कि एकजना क्यान्सिल भयो । मत हतनपत विहारमा गई विद्यासागरलाई भेटेर त्यतिबेला ६ हजार जस्तो लाग्छ पैसा पनि बुझाएर सीट कन्फर्म गरेर फर्कें । इन्डियन अम्वेसिमा यतिजना आउन भनेर सबैको नाम दिएर परमित लेटरको काम भैसक्यो, क्यान्सिल गर्ने पनि शाक्य र तपाईं पनि शाकय भएकोले केही नहोला, यदि केही भै सोधेमा म करुणा शाक्य हो भनेर आफ्नो नाम भन्नु भनेर सिकायो ।

हामी जानेहरूमा धम्मवती गुरुमां र जयवती गुरुमां, प्रत्येक दाई र उहाँको श्रीमती तारादेवी, जुजुभाइ दाई उहाँको श्रीमती हेरादेवी, अनिता शाक्य, इतुम्वहालको अमीर कुमारी शाक्य र उहाँकी दिदी, श्यामलाल चित्रकार र उहाँको श्रीमती न्यूरोडको सूर्यदेवी शाक्य, तारादेवी तुलाधर, भक्तपुरको धर्मलक्ष्मी शाक्य, देवनारायण र उहाँकी श्रीमती कुमारी हलको साहु र उहाँकी श्रीमती ज्ञानलक्ष्मी तता, बसन्तदेवी (लोकदर्शन दाईको श्रीमती) उहाँकी बहिनी करुणा धाख्वा र किसनदेवी धाख्वा, ठमेल भगवान् वहालको मोहनमाया र मनमाया महर्जन, असन तलाछेँको अष्टमाया तता, ठमेलको शीलदेवी तुलाधर, उहाँको कान्छी छोरी समुन्द्रदेवी ताम्राकार अरूहरूको नाम बिर्सें । शीलदेवी, समुन्द्र र म हामी तीनजनासंगै

बस्ने संगै सुत्ने, संगै घुम्ने फोटो खिच्ने, यात्रामा पाएको आमा र बहिनी भए । यात्राबाट फर्केर पनि हामी बरोबर भेटघाट फोनबाट वार्तालाप निरन्तर भैरह्यो । आमाको मखु हेर्ने दिन शीलदेवी मांको मुख हेर्न ठमेल उहाँको निवासमा जाने गर्थे । २०७१ साल बैशाख पूर्णिमाकै दिन ७५ वर्षको अल्प आयुमा शीलदेवीको देहावसान भयो । समुन्द्रसंग अहिले पनि हाम्रो सम्बन्ध छ अस्ति २०८२ सालमा श्रीलंका संगै गएर आएँ ।

लुम्बिनीबाट हाम्रो तिर्थयात्रा शुरुभयो । लुम्बिनीमा हामी गौतमी विहारमा रात्री बास भयो । काठमाडौंबाट दाल-चामल, मरमसलाको व्यवस्था गरी लगेको हुनाले खाना आफै पकाएर खाने तथा विहार-विहारमा बासबस्ने व्यवस्था थियो । घरबाट जाँदा कोही चिनेको थिएन तर बसमा बस्दा-बस्दै सबैसंग परिचय भयो तथा बसमा हामी बुद्ध पूजा, त्रिरत्न वन्दना तथा ज्ञानमाला भजनहरू सबैजना लयबद्ध गरी गाउने गर्थे जस्तैः "त्रिरत्नयाके शरण वना भ्री ... ..., जयनमो श्री बुद्ध भगवान, बरु ज्यू याकचा च्वनेगु ..." आदि । साथै बसमा मोहनमाया तताले भुटेको मकै र गुन्द्रुक साँदेर ल्याएको खान पाउँदा सबै सुशी । अहिलेसम्म पनि मोहनमाया ततासंग भेट्दा त्यो वेला मिठो मानेर खाएको मकै गुन्द्रुकको याद गरेर खूब हास्ने गर्छौं ।

हामीलाई शुरुमै आउनेवेला कप, चम्चा, रिकापी घरबाट बोकेर आउनु भने अनुसार सबैले लिएर आएका थियौं । बिहान ५/६ बजे नै धम्मवती गुरुमां इस्टोभमा चियापकाउन थाल्नु हुन्थ्यो, हामी सबै लाइनबद्ध भएर चिया र बिस्कुट गुरुमांले दिनुहुन्थ्यो र आ-आफ्नो ठाउँमा बसेर खान्थ्यौं । हामीले विहार सुत्ने र खानाहरू पनि दाल, चामल सबै काठमाडौं देखि नै लगेको रैछ र तरकारीमात्र जहाँ पुग्यो त्यहाँ किनेर सबैजना मिलेर र केलाएर पकाउने गर्थ्यौं । जुन ठाउँमा पुग्यो त्यो ठाउँमा बुद्धपूजा तथा त्यस ठाउँको महत्त्व र बुद्धको जीवनसंग जोडिएका कुराहरू उपदेश धम्मवती गुरुमांले दिनुहुन्थ्यो । म हरेक ठाउँमा गुरुमांले उपदेश दिनुहुने कुरा टिप्न कापी, कलम सहित गुरुमांको छेउ-छाउमा बस्ने गर्थें । एकजनाले त मलाई तपाईं पत्रकार हो ? भनेर समेत सोध्यो । त्यतिवेला धम्मावती गुरुमां स्वस्थ्य अवस्थामा हुनुहुन्थ्यो, सबै जिम्मा लिएर गर्नुहुन्थ्यो । लुम्बिनीवाट बुद्धगया, उरूवेला गुफा जहाँ सिद्धार्थ बोधिसत्व बुद्ध हुनु अगाडि ६ वर्षसम्म छाला र हाड मात्र हुने गरी दुष्करचर्या गर्नु भएको मूर्ति देख्दा "अहो ! उहाँले जगत कल्याणको लागि सांसारिक दुःखबाट पार लाग्न, फेरि जन्म लिएर दुःख, कष्ट भोग्नुपर्नेबाट बच्नको लागि यस्तो तपस्या गर्नु भएको रहेछ भनेर मनमा संवेग उत्पन्न भयो । त्यहाँबाट ऋषिपतन, मृगदावन, सारनाथमा पञ्चभद्र वर्गीयहरू धर्मदेशना दिनुभएको ठाउँ अवलोकन गऱ्यौं । हामी पुगेको भोलिपल्ट बुद्धगयामा दलाई लामाले कालचक्रको देशना गर्ने भनेर थुप्रै लामा भिक्षुहरू, आनीहरू र अनुयायीहरूको बाक्लो उपस्थिति तथा भिडभाड र ध्वजा पताकाले सजि-सजावट थियो । त्यो सन् २००२ को न्यू इएरको दिन थियो । त्यसपछि हामी कुशीनगर गयौं । कुशीनगरमा भगवान बुद्धको परिनिर्वाण भएको विशाल मूर्ति दर्शन गर्दा अनायासै मेरो आँखा भरियो । भगवान् बुद्ध सम्यक सम्बुद्ध जस्तो व्यक्ति त परिनिर्वाण हुनुपर्छ भने हामी त उहाँको अगाडि के छ र ? भन्ने अनित्यताको बोध मनमा जाग्यो । हामी सबैको तर्फबाट त्यहाँ चीवर ओढायौं । बुद्धपूजा र एकछिन भए पनि ध्यान बस्यौं ।

यसरी हाम्रो १२ दिनको यात्रा मेरो जीन्दगीमा अविस्मरणीय, चीरस्मरणिय चारधाम बौद्ध तिर्थयात्रा भयो । धम्मावती गुरुमां संगसंगै १२ दिनको यात्राको रमाइलो संगसंगै हिंडेको, खाएको, बोलेको कुरा याद आउँदा मन आनन्द, शीतल हुन्छ । धर्मकीर्ति विहारको कार्यक्रममा आउँदा तिर्थयात्रामा संगै गएका साथीहरूसंग भेटघाट हुन्छ तथा धम्मवती गुरुमांको दर्शन पाउँदा ती बितेका दिनहरूको याद ताजा भएर आउँछ साच्चिकै भगवान् बुद्धले मेरो परिनिर्वाण पछि यी ४ स्थानमा जानु होला भनेको तात्पर्य यही तिर्थयात्राबाट थाहा भयो । यदि कोही तिर्थयात्रा चारधाम तिर्थयात्रा नजानु भएका कोही हुनुहुन्छ भने अवश्य एकपटक जानु होला र अनुभव गर्नुहोला । लुम्बिनीमा हामी गौतमी विहारमा बास बसेका थियौं । सबै ठाउँमा विहार-विहारमा नै रात्रीबास बसेका थियौं । भवतु सब्ब मंगलम् ।



# श्रमण नारद - ३

- श्रीयुत्त नाथुराम प्रेमी
- अनुवादः प्रकाश बज्राचार्य

बनारसमा मल्लिक भन्ने एकजना व्यापारी रहेछ । उ पाण्डु सेठको ठेकेदार साथी रहेछ । पाण्डु सेठको घर गएर मल्लिक बेस्सरी रूदै भन्यो, 'मित्र ! अब म तिमीसंग व्यापार गर्न सकुँला भन्ने आशा छैन । मैले राजालाई असल चामल दिन्छु भनी ठेक्का लिएको छु । भोलि त चामल पुऱ्याउनु पर्ने भइसक्यो । भोलि बिहान सबेरै मैले त्यहाँ चामल नपुऱ्याइ हुँदैन । तर के गर्ने ? मसंग एक गेडा चामल छैन । कतैबाट पाउने बाटो पनि छैन । किनकि यहाँ एकजना बलियो व्यापारी शत्रु (प्रतिद्वन्दी) छ । मैले राजालाई चामल दिने ठेक्का लिएको उसले चाल पाएछ । त्यसैले उसले बढि पैसा तिरेर यहाँका गाउँ र शहरमा भएको चामल जम्मै आफूले किनिसक्यो । राजाको खाद्य भण्डारीलाई पनि घूस ख्वाइ- राखेको जस्तो छ । त्यसैले भोलि मलाई शुभ हुने छैन । मेरो इज्जत जाने भयो । भाग्यले मलाई सहायता दिएर अर्को एक गाडाभरि चामल कहींबाट आइपुगेमा मेरो बच्ने आशा छ, नत्र म त मर्ने भएँ । "मल्लिकले यसरी दुःखको कुरो सुनाउँदै थियो, पाण्डु सेठलाई आफ्नो पैसाको थैलोको सम्झना भयो । उसले हडबडाएर चारैतिर खोज्न शुरू गऱ्यो । सन्दुक बग्गी आदि जम्मै ठाउँमा खोज तलाश गर्दा पनि पैसाको थैलो भेट्टाएन । मेरो नोकर महादत्तले नै पैसाको थैलो लिएको हुनु पर्दछ भनी साहुलाई शङ्का लाग्यो । अनि के चाहिन्छ र साहुले पुलिस बोलाएर पक्रन लगायो । (साहुले भनि सकेपछि कहाँ बच्छ र ?) चोरेर लिएको हुँ भन्ने स्वीकार गर्न लगाउनलाई यमदूत जस्तै डरलाग्दा पुलिसहरूले महादत्तलाई सास्ति गर्न थाले । सहनै नसक्ने गरिकन कुटे । उ वेदनाले छटपटिंदै रोएर भने, "म निर्दोष छु, मैले पैसाको थैलो चोरेको छैन । मलाई छाडि देऊ, मलाई माफ गर, मैले सहन सकेन, अय्या बाबा ! अहो ! मर्न लागे ! म गरीबलाई दया गर । मैले चोरेको छैन । मैले पहिले कुन पाप गरेकोले यो सास्ति खानु पऱ्यो ! के गरेर आएको पापले यो दुःख भोग्नु दऱ्यो ! साहुको कुरो सुनेर मैले त्यो किसानलाई सास्ति गरेको थिएँ, अवश्य पनि त्यही पापको फल भोग्नु परेको होला । विनाकारण मैले किसानलाई दुःख दिएँ - मलाई माफ गर । सत्य पनि उसलाई सास्ती गरेको पापले अहिले यो दुःख भोग्नु पऱ्यो ।"

महादत्तले पश्चाताप गरेता पनि पुलिसले ध्यान दिएन, वास्ता नगरिकन दया नराखिकन पिट्दै गरे । त्यति नै बेला देवल किसान त्यहाँ टुप्लुक्क आइपुग्यो । सबैलाई चकित पार्दै उसले हराइराखेको पैसाको थैलो पाण्डु सेठको अगाडि राखिदियो । सेठलाई क्षमा पनि दियो र साथै शुभकामना पनि ।


महादत्तलाई छाडिदियो । आफ्नो मालिक देखी धेरै रिस उठ्यो उसलाई । एकछिन पनि त्यहाँ नबसी बेपत्ता हुने गरि बाटो ततायो ।

उता मल्लिकले थाहा पायो कि देवलले एक गाडा असल चामल ल्याएको छ भनेर । ऊ तुरन्त त्यहाँ गई देवलले भने जति दाम तिरेर चामल किन्यो । अनि आफूले कबुल गरे जस्तै ठेक्का लिइराखेको चामल राजाकहाँ समय मै पुऱ्याइदियो । देवलले सपनामा पनि यति पैसा पाउँछ भन्ने सोचेको थिएन । आफूले चिताएको भन्दा बढि पैसा लिएर चामल बेचेर आपनो घर फर्क्यो ।

पाण्डु सेठ पनि आफ्नो साथीको विपत्ति हटेको र आफ्नो उसले हराएको पैसाको थैलो पनि पाएकोमा खुब खुशी भयो । बिचार गयो कि "त्यो किसान यहाँ नआएको भए न मित्र मल्लिकको दुःख पीर हट्ने थियो न मेरो हराएको पैसाको थैलो नै फेला पर्ने थियो । त्यो किसान त धेरै इमान्दार र असल रहेछ । मैले त्यतिको दुःख दिंदा पनि झन उल्टो उसले मलाई उपकार गऱ्यो । कस्तो अचम्म ! त्यस्ता साधारण अनपढ किसानले यस्तो गुण र सदाचार कसरी सिक्यो ? त्यही श्रमण महात्माको प्रभाव या आशीर्वाद नै हुनुपर्दछ । फलामलाई सुन बनाउने शक्ति पारसमा बाहेक अरू के मा हुन्छ र ?" यसो विचार गरिरहेको सेठलाई श्रमण नारद भेट्ने ठूलो रहर लाग्यो । उनी तुरन्तै गएर बौद्ध भिक्षुहरू बस्ने विहारहरूमा खोज तलास गर्दै नारद भिक्षुलाई भेट्न गए ।

*क्रमशः ...*

# जनरल अलेक्जेण्डर कनिंघम



✍ रत्नसुन्दर शाक्य

१८ औं शताब्दीको उत्तरार्द्धमा भारतमा ब्रिटिश शासनकालको प्रादुर्भाव भएको थियो । जसमध्ये वंगालमा सन् १७७४ मा अंग्रेजहरूको शासन-सूत्र दृढ भइसकेको थियो । सत्ता दृढ भइसकेपछि अंग्रेजहरूले पुरातत्त्वप्रति विशेष झुकाव हुनाको कारण तिनीहरूको ध्यान भारतीय - संस्कृतिकोतर्फ आकर्षित भएको थियो ।

भारतको प्राचीनता तर्फ जब उहाँहरूको ध्यान केन्द्रित भयो, तब उहाँहरूले भारतको आर्थिक तथा ऐतिहासिक स्मारकहरूको उद्धार तथा संरक्षण गर्ने शंकल्प लिनु भयो ।

अंग्रेजहरू ईशाई-धर्मका पक्षपाती रहेता पनि प्राचीन स्मारकहरूको (अन्य धर्मावलम्बीहरूको भएपनि) उद्धार एवं संरक्षण कार्यमा केही बेइमानी गरेको थिएन । अंग्रेजहरूले आफ्नो जिज्ञासा अनुरूपमात्र पुरातत्त्व सम्बन्धी दिलचस्पी लिनुभएको थियो न कि भारतीय एवं धर्म प्रेमको कारण ।

अंग्रेजहरूले पुरातत्त्वसम्बन्धी जुन कार्यहरू शुभारम्भ गर्नुभयो, त्यसले गर्दा अन्य भारतीय धर्महरूको साथै बौद्ध-धर्मको महत्ताको पनि निकै वृद्धि हुन गएको थियो, जसको कारण भारतको वैभव पुनः एकचोटी संसारमा फैलियो ।

भारतमा अंग्रेजहरूले राजनीतिक, सामाजिक एवं आर्थिक क्षेत्रमा जति शोषण गरेको भएता पनि पुरातत्त्वको इतिहासमा तिनीहरूको देनलाई सारा भारतवासीहरू एवं सम्पूर्ण बौद्धजगत्ले कदापि बिर्सन सकिंदैन ।

भारतमा ब्रिटिश राज्यको संस्थापक गभर्नर जनरल क्लाइव पछि 'वारेन हेस्टिङ्गस' हुनुभएको थियो । उहाँको पालामा उहाँकै प्रेरणाबाट सर्वप्रथम 'सर विलियम जोन्स' (सन् १७४६-९४) नामक एक अंग्रेज पुरातत्त्वविद्ले १५ जनवरी १७८४ का दिन कलकत्तामा 'एशियाटिक सोसाइटी' नामक एक संस्था स्थापना गरेको थियो । त्यस संस्थाको मुख्य कार्य एशिया खण्डको इतिहास, साहित्य, धर्म, समाज, विज्ञान आदिको विषयमा खोज (छानविन गर्नु थियो ।

यही संस्थाले भारतमा सर्वप्रथम ऐतिहासिक अनुसन्धान र पुरातत्त्व ज्ञानको विजारोपन गरेको थियो जसको कारण विशेषतः भारतको विहार प्रदेशमा बौद्ध-धर्मप्रति अभिरूची बढ्न गएको थियो ।

यस संस्थाले 'एशियाटिक रिसर्चेज' नामक एक पुस्तकमालाको पनि प्रकाशन शुरू गरेको थियो ।, सन् १७९७ सम्ममा यस पुस्तकमाला ५ भागसम्म प्रकाशित भएको थियो । त्यसबेलाका विद्वान्हरू इतिहाससम्बन्धी अन्वेषण कार्य गरी रिपोट (विवरण) हरू तयार गरिन्थे, त्यो त्यस पुस्तकमालामा प्रकाशित गर्दथे । उक्त पुस्तकमालाले ईगलैण्डमा निकै सम्मान प्राप्त गर्‍यो र एशियाको साँस्कृतिक विषयमा अंग्रेजहरूको अभिरुची झन-झन बढ्न थाल्यो । यस पुस्तकमाला सन् १८३९ सम्म नियमित रूपमा प्रकाशित भएको थियो ।

सर विलियम जोन्सको निधन पछि सन् १७९४ मा 'थोमस हेनरी कोलब्रुक' नामक अन्य अंग्रेज पुरातत्त्वविद्ले जोन्सले आरम्भ गारेको कार्यलाई पूरा गर्न अघि सर्नु भयो । उहाँले भारतीय पुरातत्त्व विषयमा अनेकौं अन्वेषण कार्य गर्नुभएको थियो र त्यस विषयमा निरन्तर रूपमा सयौं लेखहरू लेख्नुभएको थियो । उहाँ सन् १८०७ मा 'एशियाटिक सोसाइटी' का अध्यक्ष नियुक्त हुनुभएको थियो । इङ्गलैण्ड फर्कनु भएपछि उहाँले सन् १८२३ मा लण्डनमा 'रोयल एशियाटिक सोसाइटी' नामक संस्थाको स्थापना गर्नु भयो । यही संस्थाको मार्फतबाट इङ्गलैण्डवासीहरूले पर्याप्त रूपमा भारतीय पुरातत्त्व तथा संस्कृतभाषाको महत्व बारे अवगत गर्न सफल भएको

थियो ।

थोमस हेनरी कोलब्रुकको समयमा, अंग्रेज सरकारले सन् १८०७ मा प्रसिद्ध पुरातत्त्वविद् बुकाननलाई भारतमा अन्वेषण कार्य गराउनको निमित्त एक विशिष्ट पदमा प्रतिष्ठित गरेको थियो जसको फलस्वरूप डा. बुकानन्ले विहार, बंगाल र आसाम प्रदेशमा काफी घुमफिर गरी पुरातत्त्व विषयगत कार्य गरी प्रत्येक प्रान्तको कयौं जिल्लाहरूको विस्तृत वर्णन (विवरण) प्रस्तुत गर्नुभएको थियो ।

विहार प्रदेशसम्बन्धी विवरण डा. बुकाननले सन् १८११-१३ मा नै तयार गर्नुभएको थियो, जसको प्रकाशन कयौं वर्षवाद विहार उडिसा-रिसर्च-सोसाइटी' (पटना) बाट अनेक खण्डमा भएको थियो ।

तर वास्तवमा अंग्रेजहरूको शासनकालमा भारतीय संस्कृतिको उद्धार एवं सरक्षण कार्य जति "जनरल अलेक्जेण्डर कनिंघम" ले गर्नुभएको थियो त्यति कसैले गरेको थिएन । उहाँको अथक परिश्रम र अटूट उत्साह बेजोडको थियो जसको कारण प्रत्येक भारतवासी एवं बौद्ध उहाँप्रति विशेष आभारी हुनु पर्दछ ।

उहाँले सर्वप्रथम सन् १८३४-३५ र सन् १८५१-५२ मा मेजर मारहम किट्टोका साथ बुद्धको धर्मचक्र प्रवर्तन-भूमि सारनाथमा खुदाईको कार्य गर्नुभएको थियो । त्यसबेला जनरल कनिंघम उत्तरप्रदेशको मुख्य ईजीनियरको रूपमा थिए । सारनाथको खुदाई कनिंघमको आफ्नै व्यक्तिगत उत्साहको कारण गर्नुभएको थियो जसको सम्पूर्ण व्यय उहाँ आफैले नै व्यहोर्नु भएको थियो ।

तर पनि भारतमा ऐतिहासिक स्थानहरूको उत्खनन कार्यको श्रीगणेश संघवद्धको रूपमा "लार्ड केनिङ्ग" ले शुरू गरेको थियो । अतः उहाँलाई भारतीय पुरातत्त्वका जन्मदाता भने पनि हुन्छ । उहाँले सन् १८६० मा भारतीय पुरातत्व सर्वेक्षण विभाग (Archeaeological Survey of India) नामक संस्था स्थापना गर्नुभएको थियो जुन संस्थामा सन् १८६२ देखि जनरल कनिंघम निर्देशक पदमा रहनुभएको थियो । उहाँ निर्देशक पदमा रहनासाथ घोर परिश्रमका साथ कार्य शुभारम्भ गर्नु भयो । यसैको परिणामस्वरूप उहाँले सन् १८६२-१८८४ सम्ममा भारतीय-पुरातत्व-अन्वेषणको विस्तृत विवरण २३ खण्डमा प्रकाशित गर्नु भयो । त्यसबेला उहाँको साथै अन्य केही पुरातत्त्व-जिज्ञासु विद्वान्हरूले पनि विभिन्न प्रान्तहरूमा अवस्थित पुरातात्त्विक वस्तु एवं ठाउँहरूको विवरण प्रस्तुत गर्नुभएको थियो ।

बोधगयाको सन्दर्भमा :

सन् १८४६ मा जनरल कनिंघमका एक सहकर्मी मेजर मारहमकिट्टो बोधगया जानु भएको थियो । उहाँले नै सर्वप्रथम भारत सरकारसमक्ष वोधगयाको विवरण प्रस्तुत गर्नुभएको थियो तर अंग्रेजी सरकारले त्यसतर्फ कुनै ध्यान दिएनन् । सन् १८६१ मा जनरल कनिंघम पनि बोधगया पुग्नुभयो । उहाँले पनि बोधगयाको विवरण सरकारसमक्ष प्रस्तुत गर्नुभयो । यसपटक पनि सरकारले केही वास्ता गरेनन् । तर कनिंघमको व्यक्तित्व पुरातत्त्वविदहरूको बीचमा अति नै प्रतिष्ठित थियो । जब उहाँ सन् १८६२ मा "भारतीय पुरातत्व- सर्वेक्षण-विभाग" का निर्देशक (डाईरेक्टर) भई बोधगया आउनु भयो तब उहाँले पुनः एकपटक विवरणका साथ सरकारसमक्ष चेतावनी पनि दिनु भयो कि यदि भारत सरकारले यस विषयमा केही दिलचस्पी नलिए फ्रान्सीसी र पुर्तगालीहरूले अवश्य गर्ने छन् ।

यस पटक मात्र अंग्रेज सरकारको आँखा खुल्यो र सरकारले डा. राजेन्द्रलाल मित्र (सन् १८२४-९१) लाई बोधगयाको निरीक्षण परीक्षणको रूपमा नियुक्त गरी बोधगया पठायो । डा. राजेन्द्रलाल मित्र पनि बोधगयामा वर्षदिन रही बडो परिश्रमका साथ आफ्नै तर्फबाट विवरण तयारी गरी सरकार समक्ष प्रस्तुत गयो ।

उहाँको यस कार्य सन् १८७७ मा भएको थियो । उहाँबाट प्राप्त भएको विवरण पश्चात् अंग्रेज सरकारले बोधगयामा वर्मी सरकारबाट भईरहेको सम्पूर्ण कार्यको साथै कारीगरहरूलाई समेत हटाइयो जब कि त्यसभन्दाअगाडिसम्म भारत सरकारकै अनुमति लिई बर्मी-सरकारले बुद्धगयामा उद्धार कार्य गर्दै आइरहेको थियो । डा. राजेन्द्रलाल मित्रको विवरणपश्चात् अंग्रेज सरकारले उहाँको साथै जनरल कनिंघमको रेख-देखमा बुद्धगयामा खुदाई कार्य गराएको थियो ।

सन् १८७८ मा बर्माका राजा मिण्डोनको निधन पछि, उहाँको उत्तराधिकारी 'थीबो' बर्मा राज्यको गद्दीमा रहनु भयो । वास्तवमा उहाँले पनि बोधगयामा आफ्नो पिताद्वारा संचालित उद्धारकार्यलाई जारी गर्नुभएको

थियो तर केही समयपछि राजा थिबोको अंग्रेजहरूसित केही अनवन (गडबड) हुन गएको कारण अंग्रेजहरूले बर्मामा आक्रमण गरी राजा थिबोलाई कैद गरी बम्बईको “रत्नगिरि“ नामक स्थानमा ल्याएको थियो । यसरी बर्मामा अंग्रेज शासन शुरूभयो र सन् १८८६ को जनवरी महीनादेखि बर्मा अंग्रेजहरूको अधिनमा रहन गयो । जसको परिणामस्वरूप बोधगयामा पनि अंग्रेजहरूको पूर्ण अधिकार हुन गयो । अंग्रेज सरकारले नै बोधगयामा बौद्धपुजारीलाई हटाई बोधगयाको सन्यासी मठका महन्तको अधिकारमा राखिदियो । त्यसैबेलादेखि बोधगया मन्दिर महन्तको पूर्ण अधिकारमा रहन गयो ।

ती नै महन्तको अधिकारमा परी बोधगया मन्दिर अस्तब्यस्त भइरहेको बेला अनागारिक धर्मपाल २२ जनवरी १८९१ का दिन बोधगया पुग्नुभएको थियो । त्यहाँ शैव (हिन्दू) सन्यासीको हातमा सम्पूर्ण अधिकार परिरहेको देखी उहाँको हृदयमा अत्यधिक चोट पर्यो । उहाँले शैव महन्तको अधिकार हटाउने शंकल्प गर्नुभयो जसको निमित्त उहाँले केही महीनापछि ३१ मई १८९१ का दिन कोलम्बो (श्रीलंका) मा हिक्कडुबे सुमंगल स्थविरको अध्यक्षतामा, हेनरी स्टील अल्कोटको निर्देशकत्वमा र आफ्नो सचिवत्वमा “महाबोधि सोसाइटी” को स्थापना गर्नुभएको थियो । तर बुद्धगयासम्बन्धी मुकदमा उहाँको जीवनपर्यन्तसम्म पनि नटुंगी बल्ल उहाँको निधन (सन् १९३३) को २० वर्षपछि, भारत स्वतन्त्र भएको ६ वर्षपछि सन् १९५३ को बैशाख पूर्णिमाको दिन (२८ मई) राष्ट्रपति डा. राजेन्द्र प्रसादले बुद्धगया मन्दिरको व्यवस्था केही बौद्ध र अबौद्ध मिश्रित एक संयुक्त समितिलाई हस्तान्तरण गरिदिनु भयो ।

**सारनाथको सन्दर्भमा :**

आधुनिक संसारमा तथागतको धर्मचक्र प्रवर्तनस्थल-सारनाथको परिचय सर्वप्रथम तब शुरू भयो, जब काशी (वाराणसी) का बाबू जगतसिंहले सन् १७९४ मा आफ्नो भवन बनाउनको निमित्त धर्मराजिक स्तूपका ठूल्ठूला ईटाहरू प्रयोगमा ल्याउन भत्काउँदै लगे, जुन स्तूपभित्र पत्थरको गोल पेटीमा पत्थरको एक मंजूषा (बाकस) प्राप्त भएको थियो जसमा बुद्धको अस्थिधातु राखिएको थियो, उक्त अस्थि धातुलाई तिनीहरूले गंगाजीमा अर्पण गरिदिएको थियो । पत्थरको बाकसमात्र कलकत्ता संग्रहालयमा पुर्‍याए ।

यसपछि त्यहाँ (सारनाथमा) केही खुदाई भएको वर्णन सन् १७९८ मा काशीका तत्कालीन अधिकारी श्रीडंकन महोदयले गर्नुभएको थियो । त्यसबेलादेखि केही जिज्ञासुहरूको ध्यान त्यस ध्वंसावशेष तर्फ गएको थियो ।

तर बृतिश अधिकारीहरूले सन् १८१५ सम्म पनि त्यहाँको विषयमा केही दृष्टि दिएका थिएन । सन् १८१५ मा आएर कर्नल मैकेंजीले विशेषः रूपमा अधिक रूची लिनुभई खुदाईको काम पुनः शुरू गर्नुभएको थियो । खुदाईबाट प्राप्त केही मूर्तिहरू उहाँले पनि कलकत्ता संग्रहालयमा पुर्‍याउनु भएको थियो ।

कर्नल मेकेंजीपछि सन् १८३६ मा जनरल अलेक्जेण्डर कनिंघमले सारनाथमा खुदाईको कार्य शुरू गर्नुभयो । उहाँले चौखण्डी स्तूपका साथै धम्मेक स्तूपलाई पनि फेला पार्नुभयो साथै उहाँले धम्मेक स्तूपमा “ये धम्मा हेतुप्पभवा ...” आदि शब्द उल्लिखित एक शिलापत्र (अभिलेख) पनि पत्ता लगाउनुभएको थियो । धर्मराजिक स्तूपको अगाडि एउटा विहार पनि उत्खनन् गरी पत्ता लगाउनु भयो । खुदाईमा प्राप्त कयौं चीजबिज एवं मूर्तिहरू उहाँले “बंगाल एशियाटिक सोसाइटी “ लाई दिएका थिए, जुन वस्तुहरू पछि कलकत्ता संग्रहालयमा प्रदर्शित गराए । स्मरणीय छ, सारनाथको यस खुदाईमा सम्पूर्ण व्यय उहाँ आफैले गर्नुभएको थियो ।

जनरल कनिंघमपछि सारनाथमा पुनः सन् १८५१-५२ मा मेजर मारहम किट्टोका तर्फबाट धम्मेक स्तूप आसपासका कयौं स्थानहरूको सफाई भएको थियो साथै जैन मन्दिर अगाडि विहार संख्या ६ को पनि उत्खनन्बाट प्राप्त गर्नुभएको थियो ।

उहाँपछि केही अन्य व्यक्तिहरूका तर्फबाट पनि सन् १८७७ सम्मनमा केही न केही भई नै रहेको थियो । सन् १८७७ देखि २०औं शताब्दीको शुरू सम्ममा पुनः सारनाथ अज्ञात एवं उजाड जनसून्य स्थान भएको कारण उद्धार कार्य शिथिल हुँदै गईरहेको थियो । वास्तवमा, त्यस अवधिभित्र एकपटक आधुनिक युगका प्रथम उत्तर-भारतीय भिक्षु महावीर (सन् १८३३-१९१९) ले उद्धार कार्य गर्नुभएको थियो । उहाँ सन् १८८४ मा बर्मामा उपसम्पन्न भई भारत फर्कनु भएको थियो ।

*क्रमशः*



# द्यः सुयात भाः पीगु ?

✍ **प्रेम लक्ष्मी तुलाधर** 'ङत'

झीसं मसिउ द्यः धकाः सुयात धायेगु ? मूर्तियात कि उपदेश बियाबिज्याम्ह गुरुयात ? मां-बौयात वा थः स्वयां तःधिकःपिन्त ? अर्थात् हनाबना तयेमाः पिंत वा भगवान बुद्धयात ?

धाथें धायेगु खःसा थःत जन्म विउपिं मां-बौयात हे द्यः धकाः भाःपीमाः । छाय् धायेबलय् भामं जन्म मब्यूगु खःसा धर्तीइ झीसं पलाः तये खनी हे मखु । धर्तीइ पलाः मतःगु जूसा प्राणी धायेकाः च्वनेदई मखुगु जुई । प्राणी मध्ये नं उत्कृष्ट ल्याखं मनुष्यया जन्म हे खः । थ्व मनुष्य जन्मय् मां-बौपिंसं न्हापाम्ह गुरु जुयाः स्यनेकने मयाःगु जूसा द्यःयात गथे यानाः म्हसी ? आखः ब्वनाः सयेका सीका मतःगु जूसा गुरुयागु उपदेश गथेयानाः थुइ ? न मूर्ति म्हसी, नं भगवान बुद्धयात हे म्हसी ।

अथे जूगुलिं न्हापांम्ह द्यो मां-बौ, निम्हम्ह द्यो गुरु, स्वम्हम्ह द्यः भगवान् बुद्ध, प्यम्हम्ह द्यः हनावना तये ल्वःपिं बुजुर्गपिं, न्याम्हम्ह द्यः मूर्ति खः । प्रज्ञायुक्तगु ज्ञानं स्वल धाःसा धाथेंयाम्ह द्यः विवेक, बुद्धि, दुपिं, व्यवहारय् ल्वयेक ज्याखं यायेसपिं, धर्म पाप म्हसिउपिन्त खुम्हम्ह द्यः कथं कायेछिं । थुम्ह खुन्छम्ह द्यः धयाम्ह हे म्वाः द्यः अथवा मनुष्य खः ।

जन्म-जन्म पतिकं पारमि पूवंका बिज्याम्ह सर्वार्थसिद्ध राजकुमारया रूपय् बोधिसत्त्व (बुद्ध जुइगु सर्वगुणं पूर्णम्हेसित हे बोधिसतव धाई) धायेकाः जन्म जुयाः बुद्धत्व प्राप्त याना बिज्याःम्ह ८४ ब्यञ्जनं पूर्णम्ह भगवान् बुद्ध नं मनुष्य लोकय् जन्म जुया बिज्याःम्ह बुद्ध खः । अथे जूगुलिं मनुष्य जन्म दुर्लभ धयातःगु खः । अरबौं-खरबौं मल्याक मनूत जन्म जुयाच्वंगु दु, गथे जुयाः दुर्लभ धकाः धाई । तर मनूत थी-थी कथं यापिं दु । धाथें मनूतय्के दयेमाःगु गुण दुपिं मनूतय्त दुर्लभ धाःगु खः । गथेकि- शीलाचारय् च्वंपिं, धर्मानुकूल जुया, मैत्रीयुक्तगु चित्त दुपिं, प्रज्ञा ज्ञानं खँ थुइके फुपिं मनूतय्गु जन्म दुर्लभ खः ।

थन धायेत्यनागु खँ छु धायेबलय् झीपिं थी-थी देगलय् वने धाल कि तसकं मन लय्ताः । खनं खः न्ह्याबलें छेँय् च्वनाः ज्या जक यानाः जीवन पाना च्वंपिनिगु निम्तिं न्ह्याइपुगु लकस नं थ्वहे खः ।

छन्हु चिकुलाया इलय् मिसा छम्ह द्यः पुज्याये धकाः पुजभः ज्वनाः द्यइके ब.बलय् छेँनं पिने कक्रक्क च्वंम्ह बुरिम्ह छम्ह फ्वनाच्वंगु खन । माया वनाः भ्रितका दाँ विया थकल म्ह्याय्नाप द्यःइके वनाच्वम्ह उम्ह मिसायात म्ह्यायम्हेस्यां न्यन- "मां व बुरि म्हेसित छाय् ध्यबा वियागु ? वया सुं नं मदुला ?"म्ह्याय्या न्ह्यसलय् मामं लिसः बिल, "मदयाः ला फ्वना नयाच्वन नि ।" म्ह्यायम्हेसिया मनमन खँ ल्हनाच्वन– छेँय् च्वम्ह अजियात वास्ता यायेम्वाः, फ्वनाच्वम्ह बुरियातः माया वं ला ।" लिसा कयाः माम्हेसित हाकन म्ह्याय्म्हेसां न्यन– "व बुरियात छाय् ध्यवा वियागु ?" मामं धाल– "थथे दान यातकि धर्मलाईका, सीबलय् तरय् जुइका, उलिनं मसिउ लाः ?"

अथे जूसा अशक्त जुयाः सने मफुम्ह अजियात हेला यानाः बास्ता मयासे छाये छाक्क वचन ल्हानागु ले ? वयात बाँलाक बियाः यानाः नकेत्वंके यात कि नर्क वनी कि छु ? बरु उखे थुकें वनेगु स्वयां थःगु छेय् च्वंम्ह अशक्तम्ह अजियात बिचाः यानाः बालाक सुसाः कुसाः याःसा ला अथे हे धर्मलाइ, पूण्यलाइ । थःनं बुरि जुल कि अथे हे जुल धाःसा छु यायेगु ?"

म्ह्याय्या खँ न्यनाः माम्हं तंचाया धाल– "छँ छुसिउ व बुरिं जितः गुलि दुःख बिउगु धकाः ? छ बूबलय् नके मनके यानाः मचा बूम्हसित ज्या याकावःगु न्ह्याबलें कचकच याइगु, थुलि दुःख बिल कि व जिं जक सिउका, छिमिसं छु सिउ ?"

"म्वाः ल का मां, न्हापायागु खँ ल्वः मंकाः आः व लिपायागु खँ लुमनाः थः व कत्ःयात सुख, आनन्द जुइगु

ज्या हे धर्म खः, कुशल कर्म खः । व हे का पूण्य अले सीबलय् भिंथाय् वनेगु लंपु नं वहे खः नि । मां, भ्रीसं नं बाखँ न्यनातयागु, क्षमा हे तःधंगु धर्म खः (थःगु न्हापांगु विपाकं मांयात अथे जूगु जुइ । आःला भ्रीसं बांलाःगु व्यवहारयात धाःसा लिपायागु जुनी मभिंगु पुसा मजुसे भिंगु पुसा पीगु थें जुइ । थ्व हे ला धर्म खःनि । थःथाय् सने मफूम्ह बुरि म्वाः म्वाकं दयेक दयेकं देगलय् वनाः प्यारा नकः वनेगु पलेसा थःथाय् च्वंम्ह द्यःयात नकूसा गुलि सुवाः बी, गुलि लय्ताइ वहे ला धर्म ।"

म्ह्यायायागु खँ न्यनाः मांम्ह अजुचाल । धाथें खः धकाः भाःपियाः न्हापायागु खँः ल्वःमंकाः माजुयात सेवा यानाः बिचाः यात । भौयागु पहः खनाः माजुम्ह लय्तायाः सुवाः बिल । उकियागु फलं भ्रन भ्रन बाँलानाः भिं जुयावल ।

थुथाय् लाक्क लुमंकेवहःजू भगवान् बुद्धयागु धर्म उपदेश– "थःत सुनानं दुःख बिल धकाः कतःयात नं दुःख बीगु स्वयेमते । बरू धर्म कर्तव्य लुमंका अशक्त जूपिं मां-बौ, रोगी, दुःखीपिन्त सेवा यायेगु हे जित सेवा याःगु खः । भक्ति मार्ग स्वयां ज्ञान मार्गय् व्यवहारिक पक्ष पूजा यायेगु हे धाथेंया पूजा ख ।"

अथे जूगुलिं जितः न्हापा अथे याःगु, अथे यागु, धइगु खँयात ल्वःमंका धर्मयात क्वातुक ज्वनाः ई स्वयाः ज्यायात धाःसा "वैगुणीयात गुण) माने यायेगु" धइगु उक्ति थुथाय् चरितार्थ जुइ ।

बुद्धधर्मया व्यावहारिक ज्ञान-मन शुद्ध यानाः सकल प्राणी प्रति मैत्रीपूर्वक समता भावं शील, समाधि प्रज्ञायात थुइकाः राग, द्वेष, मोह रहित जुयाः विशेष थःत थम्हं म्हसीकाः मन, वचन व कर्म भिंकाः निर्वाणया त्वाथलय् न्ह्याः वनेगु खः ।

उकिं द्यः धकाः मालाः लुइके फइ नं मखु । अथें मालाः खनीनं मखु । द्यः धइम्ह मेपिं मखु थःगु नुगलय् च्वंम्ह भिंगु चित्त हे द्यः खः । उकिं धाइ –

धर्म मदु देगलय् मदु न्याय्गु पसलय्,
धर्म मदु सफुती, पालन याःसा दु मनय्,
कर्म हे शत्रु, कर्म हे मित्रु,
धर्म हे हेतुया फल,
दइ सुगति कुशल कर्म,
वनी दुगर्ति अकुशल कर्म । ■




पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥
यही नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS

बिश्व मोटर ट्रेडर्स
अनूर सुन्दर तुलाधर
सलिल सुन्दर तुलाधर
काठमाडौं, नेपाल ।
मोवाइलः ९८५१०५११३१, ९८५१०५११४७
e-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टसहरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।

# धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा पुरस्कार वितरण

*प्रस्तुती- केशावती गुरुमां*
*२०८३ जेष्ठ २४ गते, आइतबार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रबाट वि.सं. २०८२ सालमा २२१ जना विद्यार्थीहरू उत्तिर्ण भएका छन् । ती मध्ये बोर्ड स्थान हासिल गर्न सफल विद्यार्थीहरू ४ जना छन् । उत्तिर्ण भएका सबै विद्यार्थीहरूलाई धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्र धर्मकीर्ति विहारले यसदिन कार्यक्रम आयोजना गरी पुरस्कार वितरण गरियो ।

कार्यक्रममा काठमाडौं महानगरपालिका वडा नं. १७ का वडा अध्यक्ष नविन मानन्धरबाट उत्तिर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

धर्मकीर्ति बौद्ध परियत्ति शिक्षा केन्द्रको लागि काठमाडौं महानगरपालिकाले वर्षेनी आवश्यक सहयोग गरी पुण्य सञ्चय गर्दै आइरहेको स्मरणीय छ । यही सिलसिलामा यसपालि पनि का.म.न.पाबाट पन्ध्र लाख सहयोग प्राप्त भएनुसार बलम्बु शैक्षिक भ्रमण र पुरस्कार वितरण कार्यक्रम सञ्चालन गरियो ।

यही रकमले बौद्ध परियत्ति शिक्षा अफिसको लागि आवश्यक फर्निचर लगायत अन्य आवश्यक सरसामानहरू जुटाइएको छ । यस सहयोगको लागि का.म.न.पा. का कार्यवाहक मेयर सुनीता डंगोलज्यू लगायत अन्य पदाधिकारीहरूलाई धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रबाट साधुवाट एवं धन्यवाद व्यक्त गरिएको छ ।

परियत्ति कक्षा संचालनार्थ श्रद्धेय डा. धम्मवती गुरुमांबाट विद्यार्थीहरूलाई जलपान गराउन विस्कुट प्रदान गरी पुण्य सञ्चय गर्नुभएको छ भने कोविद कक्षा उत्तिर्ण विद्यार्थीहरूलाई रु. १०००/- प्रदान गर्दै आउनुभएको छ ।

यसरी नै दि. अंगुरमान तुलाधर र दि. सूर्य लक्ष्मी तुलाधरको पुण्य स्मृतिमा दाता सुमन कमल तुलाधर र प्रविनमान तुलाधरबाट पुरस्कार प्रदान गरी पुण्य सञ्चय गर्नुभएका छन् ।

दि. प्रत्येकमान तुलाधर र जगतशोभा तुलाधरको पुण्य स्मृतिमा दाता सिद्धार्थमान तुलाधर र लोचनतारा तुलाधरबाट पनि पुरस्कार प्रदान गरी पुण्य सञ्चय गर्दै आउनुभएको छ ।

यही क्रममा दाता श्याममान बज्राचार्यबाट पनि चैत्य पुरस्कार प्रदान गरी पुण्य सञ्चय गर्नुभएको छ ।

दाता पञ्चवीर सिंह तुलाधर र प्रकाशवीर सिंह तुलाधरबाट प्रत्येक महिना रकम सहयोग प्रदान गरी पुण्य सञ्चय गरिरहनु भएको छ ।

धर्मकीर्ति विहारमा आवासिय गुरुमांहरू लगायत उपासकहरू मदनरत्न मानन्धर र त्रिरत्न मानन्धरबाट कक्षा १ देखि १० सम्म अध्यापन कार्य गरी पुण्य सञ्चय गर्दै आउनुभएका छन् । यस असल सहयोगको लागि धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रले साधुवाद व्यक्त गरेको छ । ■




*परीक्षामा उत्तीर्ण विद्यार्थीलाई पुरस्कार प्रदान गर्नुहुँदै १७ वडा अध्यक्ष नविन मानन्धर*

# धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रको शैक्षिक भ्रमण

*प्रस्तुती- केशावती गुरुमां ।*
*२०८२ असार १३ गते, शनिबार ।*

धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रको आयोजनामा बलम्बु र थानकोट स्थित ७ वटा विहारहरूमा शैक्षिक भ्रमण गरियो । उक्त भ्रमण कार्यक्रममा बौद्ध परियत्ति शिक्षाका शिक्षिका गुरुमांहरू एवं विद्यार्थीहरू गरी जम्मा १४५ जना समूह सहभागी हुनुभएको थियो ।

धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रका केन्द्राध्यक्ष श्रद्धेय डा. धम्मवती गुरुमांको अनुमतिबाट सचिव केशावती गुरुमांको नेतृत्वमा एवं अन्य गुरुमांहरूको सहयोगमा संचालित यस भ्रमण कार्यक्रममा सहभागी सबैले भ्रमण गरिएका स्थानहरू यसरी रहेको छ -

१. प्रणिधिपूर्ण बिहार - बलम्बु    २. धम्माराम विहार - बलम्बु
३. जितवन विहार - थानकोट    ४. एहिपस्सिको विहार - बलम्बु
५. करुणा विहार - मातातीर्थ    ६. मातातीर्थ विहार - मातातीर्थ
७. शाक्यमुनी कीर्ति विहार - सतुंगल    ८. आर्ट ग्यालरी - बलम्बु

प्रणिधिपूर्ण विहारमा विहारका आवासिय श्रद्धेय रुपशीला गुरुमांबाट जलपानको व्यवस्था मिलाउनु भएको थियो । कार्यक्रममा विहारका आवासिय श्रद्धेय भिक्षु सुखबाट पञ्चशील प्रार्थना गराउनु भई प्रणिधिपूर्ण विहारको परिचय प्रस्तुत गर्नुभई धर्मदेशना गर्नुभएको थियो । सो पश्चात् आर्ट ग्यालरीमा भ्रमण कार्यक्रमको शिलसिलामा शान्त महर्जनबाट आर्ट ग्यालरीको परिचय दिनु भएको थियो ।

धम्माराम विहारमा श्रद्धेय भिक्षु सारदबाट विहारको परिचय दिनुभई धर्मदेशना गर्नुभएको थियो ।

जितवन विहारमा श्रद्धेय शोम रत्न भन्तेबाट बुद्धपूजा, परित्राण पाठ कार्यक्रम सञ्चालन गर्नुभई जितवन विहारको परिचय प्रस्तुत गर्नुभई धर्मदेशना गर्नुभएको थियो । सो कार्यक्रम पश्चात् त्रिभूवन पार्कमा भोजनको व्यवस्था भएको थियो ।

भोजन पछि सोही स्थानमा रहेको 3D म्यूजियम अबलोकन गरी त्रिभुवन पार्क भ्रमण गरियो । यसको लागि श्रद्धेय भिक्षु अशोकले आवश्यक सहयोग गर्नु भएको थियो ।

एहिपस्सिको विहारमा श्रद्धेय पियदस्सी भन्तेबाट विहारको परिचय प्रस्तुत गर्नुभई धर्मदेशना गर्नुभएको थियो । करुणा विहार मातातीर्थमा श्रद्धेय चन्द्रशीला गुरुमांबाट विहारको परिचय प्रस्तुत भएको थियो ।


मातातीर्थ बुद्ध विहारमा श्रद्धेय भिक्षु अशोकबाट मातातीर्थ विहारबारे परिचय प्रस्तुत भएको थियो ।

शाक्यमुनी कीर्ति विहार सतुंगलमा उक्त विहारका आवासिय श्रद्धेय प्रसन्नवती गुरुमांबाट विहारको परिचय प्रस्तुत भएको थियो भने सोही विहारमा यात्रामा सहभागी सबैलाई जलपान एवं खाजाको ब्यवस्था मिलाइएको थियो । भ्रमण गरिएका सबै विहारमा धर्मकीर्ति विहार परियत्ति केन्द्रबाट यथा श्रद्धा चन्दा प्रदान गरियो । आर्ट ग्यालरीमा चैत्य प्रदान गरियो । ■



*शैक्षिक भ्रमणमा सहभागी विद्यार्थीहरू लगायत शिक्षकहरू*

# धर्मकीर्ति परियत्ति केन्द्रको लागि सम्मानपत्र



पञ्ञा नरानं रतनं
अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं २५०७

नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्र सम्मान-बु.सं २५६७

सम्मान-पत्र

धर्मकीर्ति विहार परियत्ति केन्द्र
श्रीघः, नःघः, काठमाडौं

नेपालमा वि.सं. २०२० मा नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना पश्चात बि.सं २०२२ देखि परियत्ति शिक्षा शुरू भई निरन्तर रुपमा संचालन गरी नैतिकवान चरित्रवान सक्षम विद्यार्थीहरु उत्पादन गर्ने कार्यमा ६१ वर्ष लामो समय सम्म सक्रिय रही बुद्ध शिक्षा प्रचार प्रसार, संरक्षण एवं सम्वर्द्धनमा अमूल्य योगदान गर्नुभएको कार्यलाई उच्च कदर गरी यस वर्षको बु.सं. २५६९ को ६३ औ दीक्षान्त तथा पुरस्कार वितरण समारोहमा धर्मकीर्ति विहार परियत्ति केन्द्र, श्रीघः, नःघः लाई सम्मान गरिएको छ। यस केन्द्रको थप योगदान र निरन्तरताको कामना सहित हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

।। भवतु सब्ब मंगलं ।।

भिक्षु बोधिज्ञान
केन्द्रीय परीक्षा नियन्त्रक
नेपाल बौद्ध परियत्ति शिक्षा

श्री सुनिता डंगोल
प्रमुख अतिथि
का.बा. प्रमुख, काठमाडौं महानगरपालिका

भिक्षु शीलभद्र महास्थविर
सह-शिक्षाध्यक्ष
नेपाल बौद्ध परियत्ति शिक्षा

मिति : बि.सं.२०८३ जेष्ठ १६ गते शनिवार, ने.सं ११४६, ई.सं २०२६

*धर्मकीर्ति विहार परियत्ति केन्द्रको लागि*
*नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रबाट प्रदान गरिएको सम्मानपत्र*

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रबाट यस वर्ष धर्मकीर्ति बौद्ध परियत्ति केन्द्रलाई सम्मानपत्र प्रदान गरिएको छ।

बि.सं. २०२० मा नेपाल बौद्ध परियत्ति शिक्षा स्थापना पश्चात् बि.सं. २०२२ देखि परियत्ति शिक्षा शुरु भई निरन्तर रूपमा सञ्चालन गरी नैतिकवान् चरित्रवान् सक्षम विद्यार्थीहरू उत्पादन गर्ने कार्यमा ६१ वर्ष लामो समयसम्म सक्रिय रही बुद्ध शिक्षा प्रचार-प्रसार संरक्षण एवम् सम्वर्द्धनमा अमूल्य योगदान गरेको कारणले बु.सं. २५६९ को ६३ औं दीक्षान्त तथा पुरस्कार वितरण समारोहमा धर्मकीर्ति विहार परियत्ति केन्द्र, श्रीघः, नघः लाई सम्मान गरी यो सम्मानपत्र प्रदान गरिएको कुरा बुझिएको छ। ■

## *आवरण चित्र परिचय*

अतिमार्गरूपी दोस्रो मार्ग हो, "कायक्लेश"। जुन दुःखदायी छ। यस मार्गलाई अनार्यहरूले मात्र अपनाउने गर्छ।

तथागतले यी दुबै अति मार्गको विपरित यस्तो मध्यम मार्गलाई अनुसन्धान गरी पत्ता लगाउनु भयो– जुन मार्ग अपनाएपछि अन्तरचक्षु, प्रज्ञाचक्षु खुल्ने हुन्छ। विद्या उत्पन्न हुन्छ, अविद्या नष्ट हुन्छ। मुक्तिको प्रकाश उत्पन्न हुन्छ। यस्तो मार्ग जसले सबै विकारहरूलाई उपशमन गरी शान्ति प्रदान गर्छ, अभिज्ञान सहितको सम्बोधि दिने गर्छ।


यो शील, समाधि र प्रज्ञाका आठवटा अङ्गहरू सहितको आर्य मार्ग हो। यसका आठ अङ्गहरू छन्।

- सम्यक् दृष्टि, सम्यक सङ्कल्प (प्रज्ञाको लागि)
- सम्यक वचन, सम्यक कर्मान्त, सम्यक आजीविका (शील सदाचारको लागि)
- सम्यक ब्यायाम, सम्यक स्मृति, सम्यक समाधि (सजगता र समाधिको लागि)

यही अध्यम मार्ग हो, जुन मार्गलाई अपनाउने व्यक्ति आर्य बन्ने छ। जन्म मरणको भवसंसारबाट मुक्त बन्नेछ।

आषाढ पूर्णिमाको दिन लोकगुरु भगवान् बुद्धले धर्मचक्र प्रवर्त्तन गर्नुभयो। त्यसबेला देखि हाम्रो परम्पराहरूमा आषाढ पूर्णिमालाई "गुरु पूर्णिमा" को नामले चिनिन थालियो। यस्तो हुनु उचित नै थियो। ■

# अनुभूतिया मू सुख



✍ **नातीकाजी महर्जन**

बुद्धं अर्ति उपदेश बिया बिज्याः देव मनुष्यपिन्त
आयु मदु मनुष्यपिनि देव ब्रह्मापिनि सिबय् अप्वः
देवतापिनि सिबे स्वल्प आयु दुपिं मनुष्यपिसं पुण्य
याय्माः अप्वः
मात्तुमालेमाः सत्पुरुष व सद्धर्मिपिं थः भिं जुइत
स्यना कना बिउगु गुणयात कर्मयाना यंकेमाः भिं ज्वीत
शील, समाधि व प्रज्ञा बृद्धि याना यंकेमाः
ध्यानं ध्यानी जुयाः मनयात क्लेश मुक्ति याय्माः
भगवान् बुद्धं कनाबिज्यात आर्य अष्टांगिक मार्ग
राग, द्वेष व मोह चीकाः जीवन यात्रा भिंकेगु मार्ग
थुकिं वी जीवनय् अनुभूतिया मू सुख भ्री मनुष्यपिन्त

# धम्मवतीधम्म प्रशिक्षण कार्यक्रम
## प्रतिवेदन - ६

प्रस्तुति - मदनरत्न मानन्धर

क) अभिधम्म पिटकया प्रचार प्रसार व जगेर्ना यायेगु श्रद्धेय धम्मवती गुरुमांया सदिच्छा कथं अभिधम्म पिटकया स्वंगूगु ग्रन्थ धातुकथा पालियात नं कण्ठस्थ याकाः परीक्षा कायेगु सोचं वसपोल गुरुमांपाखें वंगु २०८३ साल बैशाख पुन्हि (बैशाख १८ गते) उद्देसो (नयमातिकानिसें खन्धो एकमूलकंतक) न्हापांगु संक्षिप्त देशनायाना बिज्यातसा बैशाख १९ निसें २१ गतेतक मदनरत्न मानन्धरपाखें उकिया कण्ठस्थया अभ्यास कक्षा क्वचायेकाः जेठ १६ गते शनिबार न्हापांगु परीक्षा नं सम्पन्न जुल। उगु परीक्षाय् ३८ म्ह सहभागी जूगु खःसा असार १४ गतेया मौका परीक्षाय् स्वम्ह सहभागी जुयाः मुक्कं ४१ म्हदुगु जुल। परीक्षा कयाः गुहालि याना बिज्याःपिं गुरुमांपिं खः - केशावती गुरुमां, खेमावती गुरुमां, मेत्तावती गुरुमां व अमता गुरुमां। अथे हे स्वयंसेवक जुयाः गुहालि यानादीपिं नोविद शाक्य, मचाकाजी महर्जन।

वथें हे २०८३ जेठ १७ गते अनला पुन्हि कुन्हु वसपोल गुरुमांनं खन्धो दुकमूलकं निसें पञ्चकंतकया निक्वःगु संक्षिप्त देशनायाना बिज्यात। उकियात कण्ठस्थया अभ्यासकथं मदनरत्न मानन्धरं जेठ २५ व २६ गते कक्षा क्वचायेकाः असार १४ गते उकिया परीक्षा नं सम्पन्न जुल। उगु परीक्षाय् मुक्कं ३९ म्ह सहभागी जूगु जुल। परीक्षा कयाः गुहालि याना बिज्याःपिं गुरुमांपिं खः - दानवती गुरुमां, त्यागवती गुरुमां, मेत्तावती गुरुमां व वीर्यवती गुरुमां। अथे हे स्वयं सेवक जुयाः गुहालि यानादीपिं नोवि दशाक्य, समीर शाक्य, केशव डंगोल।

लिसें २०८३ असार १५ गते ज्याः पुन्हि कुन्हु वसपोल गुरुमांनं धातुकथा अन्तर्गत आयतनंया विषय स्वक्वःगु संक्षिप्त देशना याना बिज्यात। उकियात कण्ठस्थया अभ्यासकथं मदनरत्न मानन्धरं असार १६ व १७ गते कक्षा क्वचायेकाः आःवइगु श्रावण १६ गते शनिबार उकिया परीक्षा जुइगु दु।

ख) अभिधम्मपिटकया प्रचार-प्रसार व जगेर्ना यायेगु श्रद्धेय धम्मवती गुरुमांया सदिच्छा कथं विभङ्ग पालियात नं कण्ठस्थ याकाः परीक्षा कायेगु सोचं वसपोल गुरुमां पाखें देशना व मदनरत्न मानन्धर पाखें कण्ठस्थया अभ्यास लिपा विभङ्ग पालिया स्कन्ध अन्तर्गत न्यागुलिं स्कन्धया पालि पाठ व संक्षिप्त अर्थया क्वचाःगु परीक्षाय् ब्वति कयादीपिं ४४ म्ह परीक्षार्थी पिन्त श्रद्धेय गुरुमां पाखें वंगु २०८३ असार १५ गते (ज्याः पुन्हि) कुन्हु सिरपाः इनाबिज्यात। लिसें वसपोल गुरुमांनं प्रशिक्षक मदनरत्न मानन्धर, सिरपाःया नितिं रु. १०,००० प्रायोजन यानादीम्ह





डा. सुमनकमल तुलाधर, रु. १०,००० प्रायोजन यानादीम्ह मीना तुलाधर व रु. १,००० प्रायोजन यानादीम्ह सुचिता खनाल (शाक्य) पिन्त नं लुमन्ति चिं बियाबिज्यात । थुगु सिरपाः इनेगु ज्याभ्वलय् उद्घोषण यानाः गुहालि यानादिल मय्जु प्रफुल्ल कमल ताम्राकारजुं ।

ग) धम्मवती गुरुमांया ९२ दँ बुदिंया लसताय् थाय्-थासय् स्थलगत पट्ठान पालि पाठ यायेगु भ्वलय् भिंखुक्वःगु पाठ २०८३ असार २० गते शनिबार कुन्हु धर्मकीर्ति विहारया हे शाखा विहारत मध्ये छगू निर्वाणमूर्ति विहार, किम्डोलय् सम्पन्न जुल । श्रद्धेय सुमना गुरुमांया मैत्री अनुकम्पा कथं अन पाठ यायेत वंपिं ६० म्ह स्वयां उप्वः उपासक-उपासिकापिन्त जलपान व माःगु व्यवस्था जूगु खः । वकुन्हुया जलपान प्रायोजन यानादीपिं सुमना महर्जन, केशव डंगोल, कालधारा पकनाः ज्वःखः । लिसें वसपोल सुमना गुरुमांनं निर्वाणमूर्ति विहारया इतिहासया बारे अले मदनरत्न मानन्धरपाखें नेपालय् थेरवाद बुद्ध शासनया संक्षिप्त इतिहास नं कनादीगु खः ।

अथे हे थुगुसिइ नं गुँला लच्छिया दुने प्यम्ह करुणामयया स्थानय् स्थलगत प ान पालि पाठ जुइगु जानकारी नं पञ्ञावती गुरुमां नं अन बियाबिज्यात ।

पाठया ज्याभ्वः लिपा सहभागीपिसं ऐतिहासिक किम्डोल विहार व वयां च्वय् च्वंगु साम्दे छोइलिंग गुम्बाया नं अवलोकन भ्रमण यानादिल । किम्डोल विहारया ऐतिहासिकतायाबारे मदनरत्न मानन्धरं संक्षिप्त व्याख्या यानादिलसा गुम्बायाबारे श्रद्धेय पञ्ञावती गुरुमांनं जानकारी बियाबिज्यात । अन गुम्बाय् श्रद्धेय दिवंगत छेचु कुस्यो लामाया पार्थिव शरीर तयाः दयेकातःगु सुवर्ण चैत्यया दर्शन अले भुटानय् अवतार कयाबिज्याःम्ह वसपोल लामाया नव अवतारया किपा नं दर्शन जूगु खः । लिसें उगु सुवर्ण चैत्यया न्ह्यःने सकसिनं ध्यानया अभ्यास नं याःगु खः । ■

# त्रिरत्न शरण



✍ **मीरा मानन्धर**
गौरीघाट

संसारमा ८ प्रकारका दुःखहरू छन्
यी दुःखका कारणहरू पनि छन्
दुःखबाट मुक्ति पाउने उपायहरू छन्
बुद्धले पत्ता लगाउनु भएका यी सांसारिक तथ्यहरू हुन्
दान, शील भावना नै दुःख मुक्तिका उपाय भयो
यसको लागि इमान्दार बनी असल कार्य गर्न सिकायो
सत्य मार्गमा लागी मन शुद्ध बनाउन पनि सिकायो
धर्मको आधार लिई जीवन जीउन सिकायो
ज्ञानवर्द्धक यस शिक्षालाई संघले पालन गऱ्यो
अरूलाई पनि यस शिक्षा पालन गर्न सिकायो
गुरु शिष्य परम्परा सफल जीवन जीउन मेहनत गऱ्यो
संघको यस अमूल्य कार्यले हामीलाई धन्य बनायो
बुद्ध, धर्म र संघको हामी शरणमा जाऔं
उहाँहरूले दिएको ज्ञानलाई जीवनमा उतारौं
यस लोक र परलोक सुधार्ने कार्य गरौं
यसरी नै त्रिरत्नको शरणमा गई भाग्यमानी बनौं

## शाक्यधिता नेपाल परियत्ति शिक्षा पुरस्कार वितरण

*प्रस्तुती- नानी केशरी बज्राचार्य*

शाक्यधिता नेपालको आयोजनामा परियत्ति शिक्षाको कक्षा सञ्चालन गरी उक्त परियत्ति शिक्षा परीक्षामा उत्तिर्ण भएका विद्यार्थीहरूलाई २०८३ साल जेठ २९ गते शुक्रबार र २०८३ जेठ ३० गते शनिबार पुरस्कार वितरण गरियो ।

जेठ २९ गते, शुक्रबार लगं खलःका परियत्ति शिक्षा विद्यार्थीहरू दिदी-बहिनीहरूलाई शाक्यधिता नेपालका पूर्व अध्यक्ष मेत्तावती गुरुमां र श्रद्धा गौतमी गुरुमांले पुरस्कार वितरण गर्नुभएको थियो भने जेठ ३० गते शनिबार महेन्द्र सरस्वती स्कूलका विद्यार्थीहरूलाई प्रधानाध्यापक पृथ्वी कुमार मगर, मेत्तावती गुरुमां र इन्दावती गुरुमां आदिबाट पुरस्कार वितरण गरियो । यसरी कक्षा १,२, र ३ गरी जम्मा ६६ जना विद्यार्थीहरू यस परियत्ति शिक्षा परीक्षामा उत्तिर्ण भएको छ ।

यस पुरस्कार वितरण कार्यक्रमका लागि यथाश्रद्धा चन्दा सहयोग गरी पुण्य सञ्चय गर्नुहुने दाता यसरी हुनुहुन्छ ।

रु. ५,०००/- चन्दा सहयोग गर्नुहुने दाताहरू – नानी केशरी वज्राचार्य, समीर वज्राचार्य, मीना तुलाधर, प्रेमहेरा तुलाधर, अनिता मानन्धर र रेजिता तुलाधर ।

- समुद्र देवी ताम्राकारबाट रु. ११००/-,
- श्रृजना बज्राचार्यबाट रु. १०००/- र
- निलन्ता शाक्यबाट रु. १०००/-

## २५७० औं बुद्ध पूर्णिमाया उपलक्षे अस्पताले विस्कुट व त्वनेगु लः वितरण



*२०८३ बैशाख १८ गते, शुक्रबार ।*

२५७० औं बैशाख पुन्हिःया उपलक्षे धर्मकीर्ति विहार पाखें यँया वीर अस्पताल, ट्रमा सेन्टर व सर्जिकल विभागय् भर्ना जुयाः वासः याकाच्वंपिं बिरामीपिन्त भिं उसाँय्या आशिका यासे बिस्कुट व लः इनेगु ज्याः जुल । दँयदसं बछलाथ्व पुन्हि (स्वाँया पुन्हि) कुन्हु धर्मकीर्ति विहारय् ग्वसालय् थुकथं हे विस्कुट व लः इनावयाच्वंगु लुमंके बहाः जू ।

थुगु ज्याभ्वले धर्मकीर्ति विहारया आवासिय श्रद्धेय गुरुमांपिं दानवती, त्यागवती व उपासक-उपासिकापिं आशामाया श्रेष्ठ, वीणा शाक्य, मचाकाजी महर्जन, केशव डंगोल, रिकी नकःमि, तरुण मानन्धर, मबिता नकःमि आदिपिं सहभागी जुयाः गुहाली यानादिल ।

थुगु ज्याभ्वले श्रद्धेय डा. धम्मवती गुरुमां लगायत धर्मकीर्ति विहारया मेपिं आवासिय गुरुमांपिं व उपासक-उपासिकापिसं सश्रद्धा चन्दा बियाः गुहाली यानादीगु खः । विस्कुट व लः या लागि चन्दा बियाः गुहाली यानादीपिं सकल दातापिं लगायत अस्पतालय् वनाः इनेगु ज्याय् गुहाली यानादीपिं गुहालिमिपिन्त धर्मकीर्ति विहार पाखें साधुवाद देछाःगु जुल ।

अथेहे श्रद्धेय डा. धम्मवती गुरुमांया बुन्हिया लसताय् क्षेत्रपाटी निःशुल्क चिकित्सालय क्षेत्रपाटी नं थीथी वस्तुत इनेगु ज्याः जुयावयाच्वंगु दु ।

## धर्मकीर्ति ज्ञानमाला भजन खलः धम्मयात्रा

*२०८३ असार २१ गते, आइतबार*

*थाय्- एहिपस्सिको विहार*

धर्मकीर्ति ज्ञानमाला भजन खलःया संस्थापिका डा. भिक्षुणी धम्मवतीया ९३ दँ भिं बुदिंया लसताय् वसपोलया आयु आरोग्यया आशिका यासे धर्मकीर्ति ज्ञानमाला भजन खलः पाखें धम्मयात्रा ज्याभ्व न्ह्याकूगु बुखँ दु । प्राप्त बुखँ कथं थुगु ज्याभ्वःया सिलसिलाय् ज्ञानमाला भजन खलः पाखें एहिपस्सिको बुद्ध विहार मातातीर्थय् भजन प्रस्तुत याःगु खः ।

ज्याभ्वःले विहारया नायो श्रद्धेय पियदस्सी भन्ते लगायत ३५ म्ह भन्तेपिं, श्रामणेरपिं व धर्मकीर्ति विहारया आवासिय गुरुमांपिं दानवती, त्यागवती व मेत्तावती पाखें सामूहिक बुद्धपूजा व परित्राण पाठ याना बिज्याःगु खः । धर्मदेशना व पुण्यानुमोदनं लिपा श्रद्धेय भन्ते गुरुमांपिन्त दान प्रदान यासे पुण्य सञ्चय यानादीगु उगु ज्याभ्वःले सहिपस्सिको विहारया लागि तग्वःगु राईस कुकर नं दान याःगु खः । ज्याभ्वःले उपस्थित सकसितं उपासिका रीता महर्जन, रत्नदेवी महर्जन व चन्दा महर्जन पाखें जलपान प्रायोजन यासे पुण्य सञ्चय यानादीगु खः ।

प्राप्त बुखँय् उल्लेख जूगुकथं थुगु ज्याभ्वःया आय-व्यय विवरण थुकथं दु–

- दुहांवःगु ल्हापं रु. ५१,०००/-
- खर्च रु. ३८,४००/-
- ल्यंदुगु दां रु. १२,६००/- भजन कोषय् दुथ्याःगु ।

☆

| धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना | | | |
|---|---|---|---|
| क्र. सं. | बि.सं. २०८३ असार | बुद्धपूजा गर्नुहुने प्रव्रजित गुरूमांहरू | धर्मदेशना गर्नुहुने श्रद्धेय गुरुमांहरू |
| १ | असार ८ गते, सोमबार अष्टमी | शुभवती | शुभवती |
| २ | असार १५ गते, सोमबार | त्यागवती | धम्मवती |
| ३ | असार २४ गते, बुधबार अष्टमी | मेत्तावती | मेत्तावती |
| ४ | असार ३० गते, मंगलबार औंशी | अमता | अमता |

## न्हिच्छियेकं अभिधर्म पाठ

*२०८३ असार २७ गते, शनिबाः*

*थाय्- धर्मकीर्ति विहार, धम्महल ।*

दिवंगत जुयादीपिं बाः चन्द्र कुमार वज्राचार्य, मां मयजु वज्राचार्य, दाजु प्रथम कुमार वज्राचार्य, पीभत, दयादेवी वज्राचार्य, दाजु द्वितीय कुमार वज्राचार्य, तता कमला वज्राचार्य लगायत दिवंगत जुयादीपिं सकल थःथिति ज्ञातिबन्धुपिनि पुण्य स्मृतिस सुगति व निर्वाण हेतु कामना यासे श्रद्धेय प्रव्रजित गुरुमांपिनि पाखें न्हिच्छियंक अधिधर्म पाठ ज्याभ्वः आयोजना यासे पुण्य सञ्चय यानादीगु खः ।


धर्मकीर्ति विहारया संस्थापक अध्यक्ष श्रद्धेय डा. धम्मवती गुरुमां व विहारया आवासिय गुरुमांपिसं अभिधर्मया न्ह्यगू ग्रन्थ पाठ याना बिज्याःगु थुगु ज्याभ्वले श्रद्धेय धम्मवती गुरुमांनं अभिधर्म विषये धर्मदेशना याना बिज्याःगु खः । पाठ क्वचाय्काः श्रद्धेय जवनवती गुरुमांनं पुण्यानुमोदन याका बिज्यानाः ज्याभ्वः क्वचाय्कूगु जुल । ज्याभ्वले दाता परिवारपिमं श्रद्धेय गुरुमांपिन्त यथाश्रद्धा दान प्रदान यानाः पुण्य सञ्चय यानादीगु खः ।

**अभिधर्म पाठ श्रद्धेय गुरुमांपिनि पाखें थुकथं सञ्चालन जूगु खः**

**अभिधर्म पाठ तालिका**

**(२०८३ असार २७ गते, शनिबार)**


| क्र.सं. | अभिधर्म पाठ | पाठ यानाबिज्याःपिं श्रद्धेय प्रव्रजित गुरुमांपिं |
|---|---|---|
| १ | धम्मसङ्गणी | धम्मवती, जवनवती, चन्द्रशीला, अमता |
| २ | विभङ्ग | मेत्तावती, सुवण्णवती |
| ३ | धातुकथा | दानवती, त्यागवती |
| ४ | पुग्गल पञ्ञती | पञ्ञावती, नन्दावती |
| ५ | कथावत्थु | नन्दावती, इन्दावती |
| ६ | यमक | वीर्यवती, शुभवती |
| ७ | पट्ठान | केशावती, खेमावती |



## भिन्तुना देछाना !




घें घें बल्लाः कासाया थ्व जीवनय् पलाः न्ह्यात
धम्मवती गुरुमांया पलाः क्रान्तिकारी जुयाः न्ह्यात
छःपिनि यात्राया पलाः मनूतय् नुगलय् दुने न्ह्यात
छःपिनि लिधंसाय् स्वानाच्वंपिं प्रव्रजित गुरुमांपिं
छःपिनि पलाः ख्वाँय्या ल्यू ल्यू दु वसपोल गुरुमांपिं
बुद्ध शिक्षाया ख्यलय्, बौद्ध साहित्ये
लालकया बिज्याम्ह छःपिं
भिं ज्वीमा जय ज्वीमा देव मनुष्यया
सुवांल छाय्पीमा छःपिं
ग्वीस्वदं जन्म दिंया लसताय्
भिन्तुना देछाना छःपिन्त



✍ **श्रद्धाचारी गुरुमां**

## श्रद्धेय धम्मवती गुरुमांया ज्ञान गुणत



मां हेराथकुंया कोखं जन्म कयाः संसार खंका बिज्यात ।
बुद्ध, धर्म व संघया महत्व थ्वीकाः ज्ञान कना बिज्यात ।
प्राणीपिनि हित कामनार्थ न्ह्यन्हु अभिधर्म पाठ याका बिज्यात ।
दुःखीजनपिनि मनोबल थकयाबीम्ह डाक्टर जुया बिज्यात ।
दान, शील व भावनायात न्हिथं छ्यलेगु ज्ञान स्यनाबिज्यात ।
मति भिंसा जक गति भिनीगु, ज्ञान कनाबिज्यात ।
वसपोल धम्मवती गुरुमांया ९३ दँ बुदिंया लसताय् ।
भिं उसाँय् व ता आयुया आशिका यासे भिंतुनाच्वना ।

✍ **सुभद्रा स्थापित**, इन्दचोक

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## कमला मैंया वज्राचार्य

*दिवंगत : २०८३ जेठ ३१ गते अनालागाः चतुर्दशी*

**धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन स्थापना कालंनिसें भिंनिदं तक कार्यकारिणी जः जुयाः ज्यायानादीम्ह कमला मैंया वज्राचार्य दिवंगत जुयादिल । वय्कलं थःगु जीवनय् गुलिनं पुण्य सञ्चय यानादिल, उगु पुण्य शक्तिं वय्कःयात सुगति लिसें निर्वाण हेतु नं चूलाय्मा धकाः आशिका यासे पुण्यानुमोदन यानागु जुल । अथेहे थुगु दुःखं जाःगु इलय् वय्कःया परिवार दुजःपिसं नं बुद्ध भाषित त्रिलक्षण स्वभाव (अनित्य, दुःख व अनात्म) यात थ्वीकाः धैर्य धारण याय् फय्मा धकाः कामना यानागु जुल ।**

### धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः सपरिवार

**श्रीघः नघः यँ**

# शुभकामना !



## श्रद्धेय डा. धम्मवती गुरुमां

'शासन धज धम्माचरिय' 'अग्ग महा गन्थवाचक पण्डित'
'महा सद्धम्म जोतिक धज'

**श्रद्धेय डा. धम्मवती गुरुमांको ९३ औं जन्मोत्सवको**
उपलक्ष्यमा उहाँको सुस्वास्थ्य कामना गर्दै उहाँको तर्फबाट बुद्ध शिक्षा सुन्ने मौका प्राप्त भइरहोस् भन्ने कामना गर्दै शुभकामना ब्यक्त गर्दछौं ।

**नानी केशरी वज्राचार्य सपरिवार**
भोटेबहाल, काठमाडौं

# भिन्तुना !



## श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमां

"शासन धज धम्माचरिय", "अग्ग महा गन्थवाचक पण्डित",
"महा सद्‌धम्म जोतिकधज",
धर्मकीर्ति विहारया संस्थापक अध्यक्ष, अन्तर्राष्ट्रिय भिक्षुणी संघया अध्यक्ष,
**श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमांया**
**ग्वीस्वदँ (९३ वर्ष) जन्मदिंया** उपलक्षे वसपोलया भिं उसाँय् व
ता आयुया आशिका यासे बुद्ध शासन चिरस्थायी याय्‌गु ज्याय् न्ह्यलुवाः जुयाः
थुकथंहे मदिक्क न्ह्याः बिज्याय् फय्‌मा धकाः
**भिन्तुना देछाना च्वना !**

## धर्मकीर्ति पत्रिका परिवार

श्रीघः नघः यैं

बा.अ.का.द.नं. - ७०/०४०/४१ | म.क्षे.हु.नि.द.नं. १७/०६५/०६६ (०८२/०८३)

# साधुवाद एवं शुभकामना !



## श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमां

"शासन धज धम्माचरिय", "अग्ग महा गन्थवाचक पण्डित",
"महा सद्धम्म जोतिकधज",
धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष, अन्तर्राष्ट्रिय भिक्षुणी संघका अध्यक्ष र
धर्मकीर्ति पत्रिकाका प्रकाशक श्रद्धेय भिक्षुणी डा. धम्मवती गुरुमांबाट
उहाँको ९३ औं जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति पत्रिका
वर्ष ४४ अङ्क ४ को रङ्गिन कभर पेजको चार पेज धर्मदान गर्नुभई
पुण्य सञ्चय गर्नुभएको छ ।
यस पुण्य शक्ति उहाँ गुरुमांको सुस्वास्थ्य एवं दीर्घायुको लागि हेतु बनोस् भनी
उहाँको ९३ औं जन्मोत्सवको उपलक्ष्यमा
शुभकामना व्यक्त गर्दछौं । यसको साथै धर्मकीर्ति पत्रिकाको उत्तरोत्तर प्रगति कामना
गरी सहयोग गर्नुभएकोले साधुवाद व्यक्त गर्दछौं ।

DHARMAKIRTI

**धर्मकीर्ति पत्रिका परिवार**

धर्मकीर्ति विहार, श्रीघः नघः काठमाडौं, नेपाल

मुद्रक: न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोन: ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com